फागुन – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क २१ | २०७२, फागुन १–१५ | पूर्णाङ्क ५६७





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री सुदर्शनप्रसाद आचार्य
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १३ |
| इजलास नं. १ | ९ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ८ | १ |
| इजलास नं. ९ | ३ |
| एकल इजलास | १ |
| जम्मा | ५४ |

नेपाल कानून पत्रिकामा

**२०१५ सालदेखि २०६९ साल असोजसम्म**

**प्रकाशित**

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

**वर्गीकृत**

**एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।**

**मूल्य रू.५,५००।-**

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, फागुन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१-१०** |
| १. | निषेधाज्ञा | *ब्रतलाल राजबंशी वि. खेमराज राजबंशी* | |
| २. | निषेधाज्ञा / परमादेश | *प्रेमदैया चौधरी वि. बुधरानी चौधरीसमेत* | |
| ३. | निषेधाज्ञा / परमादेश | *बाबुदैया चौधरी वि. राप्ती उपक्षेत्रीय अस्पताल, घोराही, दाङसमेत* | |
| ४. | उत्प्रेषण / परमादेश | *रामललित प्रसाद चौधरी वि. भैरहवा नमुना उच्च माध्यमिक विद्यालय, सिद्धार्थनगरसमेत* | |
| ५. | परमादेश | *डा. राम खेलावन यादव वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय, कीर्तिपुरसमेत* | |
| ६. | परमादेश | *मदनप्रसाद दाहाल वि. विराटेश्वर बचत तथा ऋण सहकारी संस्था, विराटनगर-१४ समेत* | |
| ७. | निषेधाज्ञा | *रामजी मण्डल वि. कागोदेवी सरदारसमेत* | |
| ८. | निषेधाज्ञा | *रामविलास मण्डल वि. नारायण सरदार वातर* | |
| ९. | उत्प्रेषण / निषेधाज्ञा | *जसबहादुर लिम्बू वि. पूर्वाञ्चल डिभिजन सडक कार्यालय नं. १ इलामसमेत* | |
| १०. | कर्तव्य ज्यान | *नेपाल सरकार वि. बुद्धिमान तामाङसमेत* | |
| ११. | उत्प्रेषण | *प्रविणप्रसाद उपाध्याय वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत* | |
| १२. | बन्दी प्रत्यक्षीकरण | *माइला भन्ने बुद्ध तामाङ वि. सिन्धुपाल्चोक जिल्ला चौतारा, सिन्धुपाल्चोकसमेत* | |
| १३. | गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको | *नेपाल सरकार वि. उमेशकुमार रेग्मीसमेत* | |
| **इजलास नं. १** | | | **१०-१६** |
| १४. | उत्प्रेषण / परमादेश | *नवराज अधिकारी वि. पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयसमेत* | |

| | | |
|---|---|---|
| १५. | उत्प्रेषण / परमादेश | *स्वस्ती पौड्याल (आचार्य) वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत* |
| १६. | उत्प्रेषण / परमादेश | *भीमकान्त भण्डारी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत* |
| १७. | उत्प्रेषण / परमादेश | *कुलबहादुर लिम्बू वि. नेपाल सरकार* |
| १८. | अदालतको अवहेलना | *कुलबहादुर लिम्बू वि. सचिव डा. गणेशराज जोशी, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत* |
| १९. | जबरजस्ती करणी | *उमेशकुमार महतो वि. नेपाल सरकार* |
| **इजलास नं. २** | | **१६-१८** |
| २०. | जबरजस्ती चोरी | *रामबहादुर मल्ल वि. नेपाल सरकार* |
| २१. | मानव बेचबिखन तथा ओसारपसार | *लाक्पा तामाङ वि. नेपाल सरकार* |

| | | |
|---|---|---|
| २२. | लागु औषध (खैरो हेरोइन) | *नेपाल सरकार वि. विजय भन्ने प्रेमप्रकाश पुनसमेत* |
| **इजलास नं. ३** | | **१८-२३** |
| २३. | कर्तव्य ज्यान | *गीता रोका वि. नेपाल सरकार* |
| २४. | कर्तव्य ज्यान | *निर्मला परियार वि. नेपाल सरकार* |
| २५. | कर्तव्य ज्यान | *बेलीमायाँ लुङवा वि. नेपाल सरकार* |
| २६. | उत्प्रेषण / प्रतिषेध | *रामआधार साह वि. अख्तियार दुरूपयोत अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत* |
| २७. | जालसाजी | *हिरादेवी डंगोल वि. सावित्रीदेवी डंगोल* |
| २८. | उत्प्रेषण / परमादेश | *प्रतिभाकुमारी सिंह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत* |
| २९. | कर्तव्य ज्यान | *पुसे भन्ने पुष्प भुजेल वि. नेपाल सरकार* |
| **इजलास नं. ४** | | **२३-२७** |
| ३०. | कर्तव्य ज्यान | *झविन्द्रप्रसाद खनाल वि. नेपाल सरकार* |

| | | |
|---|---|---|
| ३१. | निषेधाज्ञा | *राजु काफ्ले वि. अजयबहादुर शाह* |
| ३२. | बन्दी प्रत्यक्षीकरण | *दीपक मल्ल, लालबहादुर वि.क., देवीप्रसाद ढकाल, कर्णबहादुर थापा, बलबहादुर सुनार तथा महेन्द्रकुमार मल्ल ठकुरी भन्नेसमेत एउटै व्यक्ति बलबहादुर वि.क. वि. कारागार कार्यालय, जगन्नाथदेवल, त्रिपुरेश्वर, काठमाडौंसमेत* |
| ३३. | बन्दी प्रत्यक्षीकरण | *झलककुमारी श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, धादिङसमेत* |
| ३४. | बन्दी प्रत्यक्षीकरण | *रामजी गौतम वि. कारागार कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत* |
| **इजलास नं. ५** | | **२७-३२** |
| ३५. | कर्तव्य ज्यान | *झिनुक भन्ने शेष प्रकाश बरई वि. नेपाल सरकार* |
| ३६. | कर्तव्य ज्यान | *धावा टासी बुढा भन्ने धावा बुढा वि. नेपाल सरकार* |

| | | |
|---|---|---|
| ३७. | जग्गा कि.का. गरि दर्ता गरिपाउँ | *राममोहनलाल सोनार वि. बिशेसरप्रसाद बरै* |
| ३८. | उत्प्रेषण | *अधिवक्ता बौद्धकृष्ण भगत वि. मालपोत कार्यालय, राजविराज सप्तरीसमेत* |
| ३९. | उत्प्रेषण / प्रतिषेध | *प्रा.डा. सङ्गीता भण्डारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* |
| **इजलास नं.६** | | **३२-३४** |
| ४०. | उत्प्रेषण / परमादेश | *सरस्वती क्षेत्री रञ्जित वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत* |
| ४१. | उत्प्रेषण | *सिकिन्द्रप्रसाद यादव वि. जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्ज* |
| ४२. | उत्प्रेषण | *धर्मदेव महतो वि. जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्ज* |
| **इजलास नं.८** | | **३४** |
| ४३. | कर्तव्य ज्यान | *नेपाल सरकार वि. हेमकुमारी सापकोटासमेत* |

| इजलास नं. ९ | | ३५-३६ |
|---|---|---|
| ४४. | करबमोजिम गरिपाउँ | *भेषबहादुर खड्का वि. स्थानीय विकास मन्त्रालयसमेत* |
| ४५. | लुटपिट | *किसमतीयादेवी यादव वि.जयसवाल राय यादवसमेत* |
| ४६. | छुट दर्ता नामसारी | *विकास श्रेष्ठ वि. मिश्री खत्रीसमेत* |

| एकल इजलास | | ३६ |
|---|---|---|
| ४७. | बन्दी प्रत्यक्षीकरण | *दीपक थापाको हकमा श्रीमती अम्बिका बस्नेतसमेत वि. महानगरीय प्रहरी परिसर, ललितपपुरसमेत* |
| | | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०९४१, निषेधाज्ञा, *ब्रतलाल राजबंशी वि. खेमराज राजबंशी*

प्रत्यर्थी निवेदक खेमराज राजबंशीले आफ्नो निर्विवाद हक भोगको विवादित जग्गामा आफूले २०६९ सालको धान बाली लगाउन नपाउने आशङ्काको अवस्था भएको आधारमा निषेधाज्ञाको निवेदन लिई अदालत प्रवेश गरेको देखिन्छ। निर्विवाद हक भोगको जग्गामा नागरिक अधिकार ऐन, २०१२ को दफा ६ को उपदफा ६ बाट प्रत्याभूत कानूनी हकमा आघात हुने आशङ्काको स्थितिमा सोही ऐनको दफा १७ अनुरूप कानूनी हकको उपचारको हक निषेधाज्ञाको आदेशको माग गर्न पाउने अधिकार पनि व्यक्तिलाई प्रदान गरेको छ । यसरी आफ्नो कानूनद्वारा प्रत्याभूत हक अधिकारमा आघात हुने पक्का आशङ्का भएकामा सोको उपचारार्थ निवेदन आएकामा अदालतले उचित उपचार प्रदान गर्नुपर्ने।

पुनरावेदकले विवादित जग्गा आफूसमेतले २०५६ सालदेखि जोत भोग गरि आएको हुँदा पुनरावेदन अदालत, विराटनगरले निषेधाज्ञाको आदेश जारी गरेको मिलेको छैन भन्ने प्रश्न उठाएको देखिन्छ। तर पुनरावेदकले सो जग्गा आफ्नो निर्विवाद हक भोगको हो भन्ने कुराको ठोसयुक्त प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन। केवल पहिलेदेखि जोति आएको भन्ने जिकिरसम्म लिएको देखिन्छ । जसले जुन कुराको जिकिर लिएको हुन्छ उक्त कुरा प्रमाणित गर्ने दायित्व पनि उसैमाथि रहन्छ । यी पुनरावेदकले आफ्नो निर्विवाद हक भोग गरि रहिरहेको भनि लिएको जिकिर स्थापित गर्ने कुनै पनि प्रमाण पेस गर्न सकेको देखिँदैन । फगत जिकिरसम्मको आधारमा पुनरावेदकको हक भोगमा विवादको जग्गा रहेको छ भन्न मिल्ने देखिन नआउने।

प्रस्तुत विवादमा मोरङ जिल्ला गोविन्दपुर गा.वि.स. वडा नं. ६(घ) अन्तर्गतका कि.नं. ९६, १११,१५२ र ऐ. बरडंगा गा.वि.स. वडा नं. ६(ग) अन्तर्गतको कि.नं. ९९ को जग्गा प्रत्यर्थी खेमराज राजबंशीको हक भोगको जग्गा हो भन्ने कुरा पेस भएको जग्गाधनी दर्ता स्रेस्ताबाट देखिन आएको छ । त्यसैगरी उल्लिखित जग्गाको २०६९ सालको तिरो पनि निज प्रत्यर्थी खेमराज राजबंशीले नै तिरेको देखिन्छ। उक्त कुरालाई यी पुनरावेदकले अन्यथा हो भन्न सकेको अवस्था देखिँदैन । निर्विवाद हक भोग र स्वामित्व भएको प्रत्यर्थी निवेदकले आफ्नो जग्गामा खनजोत गरि बाली लगाउन नपाउने अवस्था आउनु भनेको निजको नागरिक अधिकारमा आघात पुग्नु हो। पुनरावेदकले विवाद देखाएको जग्गामा आफ्नो हकभोग रहेको भन्नेसमेतको जिकिर लिएको तथ्यको रोहमा प्रत्यर्थी निवेदकलाई खनजोत गरि बाली लगाउन निजले अवरोध गरेनन् होला भनि मान्न सकिने अवस्था रहेन। पुनरावेदकले आफ्नो लिखित जवाफमा प्रत्यर्थी निवेदकलाई जग्गामा खनजोत र बाली लगाउन अवरोध गरेको छैन भनि स्पष्ट जिकिरसम्म पनि लिएको देखिँदैन । तसर्थ प्रत्यर्थी निवेदकको जग्गामा यी पुनरावेदकले बाली लगाउन र भोग गर्न अवरोध गर्ने आशङ्काको स्थिति स्पष्ट विद्यमान रहेको देखियो । पुनरावेदकले प्रत्यर्थी निवेदकको जग्गामा खनजोत र बाली लगाउन अवरोध गरि निवेदकको कानूनद्वारा प्रत्याभूत सम्पत्ति उपभोग गर्ने हक कुण्ठित हुनसक्ने पक्का आशङ्का रहेको देखिएको यस अवस्थामा निषेधाज्ञा जारी हुने नै देखिँदा पुनरावेदन अदालत, विराटनगरबाट निषेधाज्ञा जारी गरेको आदेश मिलेको देखिने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-१२५१, निषेधाज्ञा/परमादेश, *प्रेमदैया चौधरी वि. बुधरानी चौधरीसमेत*

अन्तिम भएर बसेको फैसलालाई निषेधाज्ञाको निवेदनबाट सबुद प्रमाण हेरि अन्यथा गर्न मिल्ने अवस्था हुँदैन । सौतेनी छोरीहरूको विवाह भएको हो, होइन भन्ने कुरा प्रमाणको रोहमा विचार गरिने विषय हो । प्रमाण बुझि निर्णय गर्ने काम निषेधाज्ञाको मुद्दाबाट निरूपण गर्न निषेधाज्ञाको विषयगत प्रकृतिका आधारमा मिल्दैन । त्यसमा पनि पुनरावेदिकाले प्रत्यर्थीहरू चन्द्रप्रभा र सङ्गीता चौधरीसमेत उपर अंश बदर र अंश जालसाजसमेतका मुद्दा दायर गरि ती मुद्दाहरू दाङ देउखुरी जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको भन्ने देखिँदा निवेदिकाका सौतेनी छोरीहरूको विवाह भैसकेको हो वा होइन र अब निजहरूले अंश पाउने हो होइन ? भन्ने सम्बन्धमा सोही मुद्दाबाट सबुद प्रमाण बुझि निवेदिकाको मागसम्बन्धमा सम्बोधन हुने अवस्था रहेको देखिन्छ । पुनरावेदिकाले जुन कार्यलाई रोकिपाउँ भनि माग गरेको हो सो कार्य नै सम्पन्न भैसकेको र उक्त कार्य सम्पन्न भइसके पनि प्रत्यर्थी चन्द्रप्रभा चौधरी र सङ्गीता चौधरीको विवाह भैसकेको हो वा होइन र निजहरूले पाएको अंशबापतको सम्पत्तिमा अब निवेदिकाको हक पुग्न सक्ने हो होइन भन्ने सम्पत्तिको हकको उपचार दाङ देउखुरी जिल्ला अदालतबाट निवेदिकाले प्राप्त गर्नसक्ने नै हुँदा यस निषेधाज्ञाको निवेदन मागअनुरूप निषेधाज्ञाको आदेश जारी हुनसक्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-१२५२, निषेधाज्ञा/परमादेश, *बाबुदैया चौधरी वि. राप्ती उपक्षेत्रीय अस्पताल, घोराही, दाङसमेत*

कसैको भोग स्वामित्वमा नै नरहेको जग्गामा वा सम्पत्तिमा आघात पुग्ने सम्भावना नै नहुने हुनाले निषेधाज्ञाको आदेश जारी गर्न नागरिक अधिकार ऐन, २०१२ को दफा १७ ले मिल्दैन । उक्त ऐनको दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने आशङ्का व्यक्त गरिएको हो त्यो सम्पत्तिमा दाबी गर्ने पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुन आवश्यक हुन्छ । जग्गा जमिन र घरमा हक दर्ता, तिरो वा भोगबाट हुन्छ । दर्ता, तिरो वा भोग केही नभएको घर जग्गामा हक स्थापित हुन सक्दैन । नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६) ले सबै नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचबिखन गर्नेसमेतको अधिकार प्रत्याभूत गरेको छ । तर त्यो हक दर्ता, तिरो वा भोगबाट देखिनु पर्ने हुन्छ । यस दफाको आधार लिइ अरूको दर्ता, तिरो र भोग भएको सम्पत्तिमा अनाधिकृत रूपमा अतिक्रमण गर्न भने नमिल्ने ।

सार्वजनिक सम्पत्तिमा पुनरावेदिकाले घर, टहरा र ढेब्ली बनाइ अतिक्रमण गर्न पाउने अधिकार नहुनुको साथै निर्विवाद हकभोग भएको र घर भत्काइ वाल कम्पाउन्ड लगाउनेसमेतका काम सम्पादित भैसकेको देखिँदा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिने ।

पुनरावेदिकाले परमादेशको आदेश माग गरेको सम्बन्धमा विचार गर्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) ले पुनरावेदन अदालतलाई आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानूनप्रदत्त हकमा आघात पुर्‍याएमा सो हकको प्रचलनको लागि आवश्यकताअनुसार परमादेशसमेतको आदेश जारी गर्न पाउने कानूनी अधिकार प्रत्याभूत भएको

देखिन्छ । यस परिप्रेक्ष्यमा हेर्दा पुनरावेदिकाले दाबी लिएको कि.नं. २१७ को जग्गा पनि प्रत्यर्थी अस्पतालको नभइ खाली रहेको देखिन्छ भने कि.नं.२१८ को जग्गामा प्रत्यर्थी राप्ती उपक्षेत्रीय अस्पतालले चिकित्सक आवास भवन बनाई भोग गरिरहेको देखिन्छ । यस्तो अवस्थामा अस्पतालको नाममा रहेको कि.नं. २१७ को जग्गामा पुनरावेदिकालाई सिधै घर बसोबासको लागि जग्गा दिनु भनि परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०१२२, उत्प्रेषण/परमादेश, *रामललित प्रसाद चौधरी वि. भैरहवा नमुना उच्च माध्यमिक विद्यालय, सिद्धार्थनगरसमेत*

विपक्षी भैरहवा नमुना उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिको मिति २०७१।२।२८ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिपाउन माग गरेको देखिन्छ । मिति २०७१।२।२८ को विद्यालय व्यवस्थापन समितिको मिसिल संलग्न निर्णयको प्रतिलिपि हेर्दा निवेदक यस विद्यालयको प्राचार्य हुँदा भएको हिनामिना रकम शिक्षा नियमावलीअनुसार बरबुझारथ गरि रकम विद्यालयको खातामा प्राप्त भएपछि वा सो रकम बराबरको सम्पत्ति विद्यालयको नाममा प्राप्त भएपछि मात्र निवृत्तिभरण (पेन्सन) प्रक्रिया अगाडि बढाउने भन्नेसमेतको व्यहोरा उल्लेख भएको छ । स्थायीरूपमा सेवा गरेका शिक्षकले सेवा निवृत्त भएपछि पेन्सन पाउने तथ्यमा विवाद नहुने ।

निवेदक सेवा निवृत्त हुनुभन्दा पहिला सो विद्यालयको प्राचार्य पदमा कार्यरत रहेको देखिन्छ भने सुरेन्द्रनाथ श्रीवास्तव लेखापाल पदमा कार्यरत रहेको देखिन्छ । सो विद्यालयको नामको आ.व. ०६५।०६६ र ०६६/०६७ को बैंक दाखिला हुनुपर्ने सबै रकम बैंक दाखिला नभइ अनियमितरूपबाट हिनामिना भएको भन्ने कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । सो कुरा निवेदक आफैँले मिति २०६७।६।१८ मा जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा दिएको निवेदन (उजुरी) मा सुरेन्द्रनाथ श्रीवास्तवले विद्यालयको रू. १३,६३,४३७।२० हिनामिना गरेकाले निजबाट असुलउपर गराइपाउँ भन्ने व्यहोरा उल्लेख भएबाट पनि समर्थित हुने ।

विपक्षी जिल्ला प्रशासन कार्यालयले निवेदकको निवेदनका आधारमा विद्यालयका तत्कालीन लेखापाल सुरेन्द्रनाथ श्रीवास्तवउपर विद्यालयको रकम हिनामिनाको सम्बन्धमा छानबिन गरेको देखिन्छ । छानबिनको क्रममा निवेदकले लेखापाल सुरेन्द्रनाथ श्रीवास्तव जिल्ला प्रशासन कार्यालयमा तोकिएको तारिखमा उपस्थित नभए म उपस्थित गराउन सक्छु, कथंकदाचित निज भागे वा उपस्थित नभएमा निजले विद्यालयलाई बुझाउनु पर्ने रकम मैले बुझाउन सक्छु भन्नेसमेत व्यहोराले मिति २०६७।६।२४ गते जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा जिम्मा जमानीको कागज गरेको देखिने ।

वादी नेपाल सरकार विरूद्ध सुरेन्द्रनाथ श्रीवास्तव प्रतिवादी भएको संवत् २०७० सालको स.फौ.पु.नं. ०७०-CR-००२९ को भ्रष्टाचार (अनियमितता) मुद्दा विशेष अदालत काठमाडौंबाट मिति २०७१।१।३० मा विपक्षी विद्यालयको हिनामिना भएको बिगो रू. १३,०७,७४३।२० रूपैयाँ विद्यालयका तत्कालीन लेखापाल प्रतिवादी सुरेन्द्रनाथ श्रीवास्तवबाट विद्यालयको असुलउपर गरि लिन पाउनेसमेत ठहर्छ भन्ने व्यहोराले फैसला भएको कुरा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले बहसको क्रममा पेस गरेको फैसलाको प्रतिलिपिबाट देखिन्छ । उक्त फैसलाबमोजिम निवेदक विपक्षी विद्यालयको प्राचार्य हुँदा अनियमित (भ्रष्टाचार) भएको

रकम सुरेन्द्रनाथ श्रीवास्तावबाट असुलउपर हुने नै देखिने।

विपक्षी विद्यालय व्यवस्थापन समितिले निवेदकबाट रकम असुलउपर भएपश्चात् मात्र निवृत्तिभरण प्रक्रिया अगाडि बढाउने गरि निर्णय गरेकामा सो रकम निज सुरेन्द्रनाथ श्रीवास्तवबाट असुलउपर हुने नै देखिन्छ । यस्तो अवस्थामा निवृत्तिभरण प्रक्रिया अगाडि नबढाउँदा निवेदकको संविधानप्रदत्त समानता र सम्पत्तिसम्बन्धी संवैधानिक हक एवम् निवृत्तिभरण पाउने कानूनी हकमा आघात पुग्ने भएकाले निवेदकले मिति २०६७।६।२४ गते जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा गरेको जिम्मा जमानी कागज स्वत: निस्क्रिय हुने हुँदा विपक्षी विद्यालय व्यवस्थापन समितिबाट निवेदकको हकमा मिति २०७१।२।२८ गते भएको निर्णय र मिति २०७१।३।५ मा निवेदकलाई लेखिएको पत्रलगायतका सोसँग सम्बन्धित कामकारवाही नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपदफा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर भएको हुँदा निवेदक सेवानिवृत्त भएको अवधिदेखि पाउने पेन्सनलगायतका सेवा सुविधाको कारवाही प्रक्रिया अगाडि बढाउनु र सेवा सुविधा उपलब्ध गराउनु भनि विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल जेठ २६ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०३५२, परमादेश, *डा. राम खेलावन यादव वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय, कीर्तिपुरसमेत*

निवेदकले मुख्यरूपमा अर्थशास्त्र विषयको प्राध्यापक पदको नतिजा छिटो प्रकाशन गर्न गराउन विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ भनि प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ। तर आज सुनुवाइको क्रममा विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले अर्थशास्त्र विषयको प्राध्यापक पदको नतिजा प्रकाशन भै नियुक्ति सिफारिस भएको प्रमाण पेस गरेको देखिन्छ। त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयको उक्त नतिजा प्रकाशनसम्बन्धी सूचना हेर्दा अर्थशास्त्र विषयको प्राध्यापक पदको मिति २०७१।११।२५, २६, २७ र २८ गते अन्तर्वार्ता भइ मिति २०७१।११।२८ गते नै नियुक्ति सिफारिस गरेको देखिन्छ । यसरी निवेदकले जुन विषयमा परमादेशको आदेश माग गरेको हो, सोही विषयमा विपक्षी त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयले प्राध्यापक पदमा पदस्थापनासमेतको लागि बढुवा सिफारिस गरिसकेको देखिएको र निवेदकले सहप्राध्यापक पदबाट मिति २०७१।१०।२ मा नै अनिवार्य अवकाश पाइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भैसकेकाले खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल जेठ २६ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-CI-००५२, परमादेश, *मदनप्रसाद दाहाल वि. विराटेश्वर बचत तथा ऋण सहकारी संस्था, विराटनगर-१४ समेत*

परमादेशको आदेश सार्वजनिक कर्तव्य निर्वाह गर्नु पर्ने सार्वजनिक निकायका विरूद्ध जारी हुने रिट भएको र त्यस्ता सार्वजनिक निकायद्वारा आफूलाई तोकिएको ऐन नियमको परिधिभित्र रही कुनै कार्य नगरेमा सो काम गर भनि आदेश दिने काम परमादेशको आदेशमार्फत गरिन्छ । प्रस्तुत विवादका सम्बन्धमा परमादेशको आदेश जारी गर्न माग गरेको निकाय विराटेश्वर बचत तथा ऋण सहकारी संस्था लि. भइ सो सहकारी संस्था सहकारी ऐन, २०४८ अन्तर्गत

दर्ता हुने संस्था भएको र यसको कार्यको प्रकृति सार्वजनिकभन्दा निजी प्रकृतिको रहने हुँदा प्रस्तुत विवादका सम्बन्धमा विपक्षी विराटेश्वर बचत तथा ऋण सहकारी संस्था लि. का विरूद्ध परमादेशको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था देखिन नआउने हुँदा निवेदकको निवेदन मागबमोजिम परमादेशको आदेश जारी नगरि प्रस्तुत निवेदन खारेज गर्नेगरि पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।१०।२७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-CI-०७६४, निषेधाज्ञा, *रामजी मण्डल वि. कागोदेवी सरदारसमेत*

निवेदकका बाबु सर्जु धानुकको नाम विवादित जग्गाको कित्ता काट भइ जग्गाधनी कागोदेवी सरदारका नाममा आउनु अगावै उक्त जग्गासमेतको मोहीको १ नं. लगत र २ नं. अनुसूचीमा देखिए पनि मिसिल संलग्न रहेका अन्य प्रमाण कागजबाट निज मोही रहे भएको देखिएको अवस्था छैन । निवेदकका बाबु सर्जु धानुकले नै विवादित जग्गा समेतको मोही हकको प्रमाण पत्र पाएको भनि निवेदकले भन्न सकेको अवस्था पनि छैन । यी निवेदकले विवादित जग्गा समेतको आफ्नो बाबु सर्जु धानुक मोही भएको र बाबु आमाको स्वर्गवासपछि मोहीको हैसियतले उक्त विवादित जग्गासमेत कमाइरहेकाले मोही नामसारी गरिपाउँ सम्बन्धित भूमिसुधार कार्यालयमा मोही नामसारीको मुद्दा दिई कारवाहीयुक्त अवस्थामा रहेकाले विवादित कि.नं. ८५ को जग्गामा विपक्षीले घर निर्माणसमेत गर्ने आशंका रहेकाले विपक्षीउपर निषेधाज्ञा जारी गरिपाउँ भनि माग गरे पनि उक्त जग्गा निजका बाबुको नाममा वा निजका नाममा मोही हक स्थापित भै नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने अवस्था नरहने हुँदा विवादित जग्गा निवेदकका बाबुका नाममा मोही हक स्थापित भै नसकि निवेदकले मोही नामसारी मुद्दा सम्बन्धित भूमिसुधार कार्यालयमा दिई सो मुद्दा विचाराधीन रहि मुद्दाको टुङ्गो लागि निवेदकका नाममा निर्विवाद मोही हक स्थापित भैनसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने सम्मको अवस्था विद्यमान नदेखिँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।३।९ मा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-CI-०७६५, निषेधाज्ञा, *रामविलास मण्डल वि. नारायण सरदार वातर*

विवादित कि.नं. ११ को जग्गामा निवेदकको बाबु चिचाई सरदारको मोही हक भएको देखिइरहेको अवस्थामा निवेदकले मोही नामसारीको लागि निवेदन दिइ कारवाहीयुक्त रहेकै अवस्थामा विपक्षीले विवादित कि.नं. ११ को जग्गामा भौतिक संरचना निर्माण गर्ने सिलसिलामा ढुङ्गा बालुवा इट्टासमेत थुपारेबाट निवेदन मागबमोजिम आशङ्काको अवस्था रहेन भन्न मिल्ने पनि नदेखिने हुँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।३।३० मा निवेदन मागबमोजिम कुनै संरचनासमेत निर्माण नगर्नु भनि विपक्षीका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई भएको आदेश मिलेकै देखिँदा सदर हुने

ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-CI-०८५९, उत्प्रेषण/निषेधाज्ञा, *जसबहादुर लिम्बू वि. पूर्वाञ्चल डिभिजन सडक कार्यालय नं. १ इलामसमेत*

पूर्वाञ्चल डिभिजन सडक कार्यालयबाट मिति २०७०।५।१९ मा बोलपत्र आह्वान गरि निवेदकले सो सर्तहरू स्वीकार गरि बोलपत्र दाखेल गरेको, विपक्षी सडक कार्यालयबाट मिति २०७०।६।१८ मा सो बोलपत्रहरू खोलिएकामा सो बोलपत्र खोलिएको मितिले ७ दिनभित्र सक्कल प्रमाणित लिखतहरू निवेदकबाट पेस गर्न नसकि विपक्षी सडक कार्यालयले उक्त सर्तबमोजिम नै मिति २०७०।८।१२ मा निवेदकको जमानतबापतको रकम जफत गरिएको कार्य सर्तनामाबमोजिम नै भएको अवस्था देखिँदा उक्त कार्यलाई अन्यथा मान्न नमिल्ने ।

निवेदक र विपक्षी डिभिजन सडक कार्यालयका बिच मेची राजमार्गको चिहानेडाडा ताप्लेजुङ कालोपत्रे सडक मर्मत समेतका लागि बोलपत्र आह्वान भइ निवेदकले सो बोलपत्रसम्बन्धी सूचनामा उल्लिखित सर्तहरूसमेत स्वीकार गरि बोलपत्र पेस गर्ने सूचनाबमोजिमको म्याद भित्रै बोलपत्र पेस गरि बोलपत्र खोलेपश्चात् यी निवेदक सो सम्बन्धित क्रियाकलापमा सहभागी नभएकै आधारमा कानूनबमोजिम भएका कार्यहरूलाई अन्यथा भन्न सकिने अवस्था नरहेको र बोलपत्रसम्बन्धी सर्त र सम्झौताबमोजिम दुई पक्षबिच भएका काम कारवाहीसम्बन्धी प्रस्तुत विषयका सम्बन्धमा रिट क्षेत्रमा प्रवेश गरि सम्बोधन हुन पनि नसक्ने हुँदा प्रस्तुत विषयमा उत्प्रेषणयुक्त निषेधाज्ञाको आदेश जारी हुने अवस्था नदेखिँदा पुनरावेदन अदालत, इलामबाट मिति २०७१।१।१० मा निवेदन मागबमोजिमको आदेश जारी नगरि रिट निवेदन खारेज हुने ठहर्‍याई भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

१०

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०४५८, ०१९९, ०४२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिमान तामाङसमेत, बुद्धिमान तामाङ वि. नेपाल सरकार, सोनाम कर्मा भन्ने कर्मा शेर्पा वि. नेपाल सरकार*

प्रतिवादीहरूले कुटपिट गरेको कारण मृतकको मृत्यु भएको भन्ने कुरा प्रतिवादीहरूको एकआपसको पोल, लास प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन लगायतका कागजातहरूबाट समर्थित एवम् पुष्टि भएको देखिएकाले यस अवस्थामा यी प्रतिवादीहरूलाई कसुरदार ठहर्‍याई सजाय हुने ठहर्‍याएको सुरू र पुनरावेदन, अदालतको फैसला मनासिबै देखिने ।

मृतक यामबहादुर बस्नेत र यी प्रतिवादीहरू बिच कुनै प्रकारको पूर्वरिसइवी रहेको भन्ने कुरा संकलित सबुद प्रमाणको रोहबाट देखिएको छैन । प्रतिवादीहरूले मार्ने मनसाय राखी सोहीबमोजिमको तयारी गरि मृतकलाई कुटपिट गरेको भन्ने पुष्टि हुने कुनै सबुद प्रमाण वादी पक्षबाट पेस भएको छैन । त्यसका अतिरिक्त प्रतिवादीहरूले मृतकलाई कुनै प्रकारको जोखिमी हतियार प्रहार गरेको नभइ लात मुक्का प्रहार गरेको कारण मृतक भुइँमा ढलेको भन्ने मिसिलबाट देखिएको छ । प्रस्तुत वारदातमा मृतक र प्रतिवादीहरूले मादक पदार्थ सेवन गरि आपसमा भनाभन भइ गाली गलौजको अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई लात र मुक्काले

कुटपिट गरेको तथ्य स्थापित भएको सन्दर्भमा प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी १३(३) आकर्षित हुन नसक्ने हुँदा प्रतिवादीहरू बुद्धिमान तामाङ र सोनाम कर्माले ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको ठहर्‍याएको सुरू र पुनरावेदन अदालतको फैसला मनासिबै देखिने हुँदा प्रतिवादी बुद्धिमान तामाङ र सोनाम कर्मा भन्ने कर्मा शेर्पालाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको ठहर्‍याई जनही दश वर्ष कैदको सजाय गर्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१२।६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम् ।

११

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-००३९, उत्प्रेषण, *प्रविणप्रसाद उपाध्याय वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत*

मुलुकको सार्वजनिक शान्ति सुरक्षासँग प्रत्यक्षरूपमा सम्बन्धित प्रहरी सेवा अत्यन्त संवेदनशील सेवा भएको र त्यस्तो सेवामा कार्यरत कर्मचारीहरू उच्च अनुशासनमा रहनुपर्ने हुन्छ । प्रचलित ऐन, नियम तथा विभागीय नीति नियमको पालना नगरि आफ्नो संगठनको मर्यादाविपरीत आचरणहीन तथा अनुशासनहीन क्रियाकलाप गर्ने कुनै पनि कर्मचारीलाई कडा रूपमा दण्डित गर्नुपर्ने कुरामा विमति हुन सक्दैन । तर यसो भन्दैमा कुनै पनि संगठन आफ्ना कर्मचारीहरू प्रति गैरजिम्मेवार र असहिष्णु भइ आफ्नो अभिभावकत्वको भूमिकाबाट पन्छिन पनि नमिल्ने ।

रिट निवेदक बिदा नै नलिई आफूखुसी गैरहाजिर रहेको नभइ श्रीमतीको उपचार गर्न भनि बिदा स्वीकृत गराई गएको देखिएको र स्वीकृत गराएको बिदा अवधिभित्र श्रीमतीलाई विसेक नभएको कारण थप घर बिदा माग गरेको देखिन्छ । आफ्नो परिवारको निकटतम् सदस्य बिरामी भइ उपचारमा संलग्न हुनु परी आफ्नो ड्युटीमा उपस्थित हुन नसकेको अति संवेदनशील अवस्थामा समेत कुनै आधार कारण नै नखोलि बिदा अस्वीकृत भएको भनि त्यसकै आधारमा निजलाई आफूखुसी गैरहाजिर रहेको अर्थ गरि जसरी पनि निजलाई कारवाही गरेरै छोड्ने उद्देश्य राखि, निजलाई आफ्नो कुरा राख्ने नियमबमोजिमको अवसरसमेत प्रदान नगरि नोकरीबाट हटाउने जस्तो कठोर सजाय गरेको देखिएको र सो सजायउपर परेको पुनरावेदनमा पनि समयमा निर्णय नगरि अदालतको आदेशपछि मात्र निर्णय गरेको विपक्षीहरूको कार्य पूर्वाग्रहीपूर्ण, अनुचित र गैरकानूनी रहेको देखिन आउने हुँदा रिट निवेदक प्रविणप्रसाद उपाध्यायलाई नोकरीबाट हटाउने गरि जिल्ला प्रहरी कार्यालय, सुर्खेतका प्रहरी उपरीक्षकबाट मिति २०६०।७।२५ मा भएको निर्णय सदर हुने ठहर्‍याई मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतका प्रहरी नायब महानिरीक्षकले मिति २०६८।१।३० मा गरेको निर्णय त्रुटिपूर्ण रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर २२ गते रोज ३ शुभम् ।

१२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WH-००६६, बन्दीप्रत्यक्षीकरण, *माइला भन्ने बुद्ध तामाङ वि. सिन्धुपाल्चोक जिल्ला चौतारा, सिन्धुपाल्चोकसमेत*

जरिवानाबापत कैद ठेक्दाको अवस्थामा दण्ड सजायको ३८(१) नं. को व्यवस्थालाई अलग गरि निरपेक्षरूपमा चोरीको २७ नं. लाई मात्रै समाई जरिवानाबापतको कैदसमेत ४ वर्षभन्दा बढी गर्नुपर्ने भनि अर्थ गर्न मिल्ने देखिँदैन । किनभने

जरिवानाबापतको कैद असुल गर्ने अर्थात् कैद ठेक्ने व्यवस्था दण्ड सजायको ३८(१) नं. नै हो । चोरीको १४(२) नं. ले सजाय गर्दा ठहर गर्न सकिने कैदको विषय उद्घोषसम्म गरेको देखिन्छ भने त्यसरी ठहरेको जरिवानाबापतको कैद के कसरी असुल गर्ने भन्ने सम्बन्धमा दण्ड सजायको ३८(१) नं. ले स्पष्ट सिमाङ्कन गरेको देखिन्छ । त्यसैले जरिवानाबापत कैद ठेक्दा सो ३८(१) नं. लाई बेवास्ता गर्न नमिल्ने ।

निवेदकले फैसलाबमोजिम भोग्नुपर्ने कैद सजाय भुक्तान भइसकेको देखिएकाले फैसलाबमोजिमको बाँकी कैदको लगत कट्टा गरि निजलाई कैदबाट मुक्त गरिदिनु भनि विपक्षी कारागार कार्यालय, रसुवासमेतका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल साउन १२ गते रोज ३ शुभम् ।

१३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०३३८, १०४१, ०६२२, ०८२७, ०८२८, ०९५९, ०२७५, १०३८, गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. उमेशकुमार रेग्मीसमेत, उमेशकुमार रेग्मी वि. नेपाल सरकार, संजना काफ्ले (रेग्मी) वि. नेपाल सरकार, रमेश रेग्मी वि. नेपाल सरकार, लक्ष्मीप्रसाद रेग्मी वि. नेपाल सरकार, उषादेवी काफ्ले वि. नेपाल सरकार, सुशीलाकुमारी काफ्ले (अर्याल) वि. नेपाल सरकार, सुधीरकुमार काफ्ले वि. नेपाल सरकार*

पुनरावेदकहरूले लिएको पुनरावेदन जिकिरका सम्बन्धमा विशेष अदालतको फैसलामा समेत विवेचना भइ प्रमाणबाट समर्थित हुन नआएको भनि आयको मान्यता दिन नमिल्ने भन्ने निष्कर्षमा पुगेको देखिन्छ । पुनरावेदन अदालतले यस सम्बन्धमा गरेको विश्लेषण यो यति आधार कारण वा प्रमाणबाट नमिलेको भनि निश्चित रूपमा पुनरावेदनपत्रमा जिकिर लिन सकेको पाइँदैन । प्रमाणबाट समर्थित हुन नसकेको विषयमा पुनरावेदन पत्रमा जिकिर लिएका भरमा आयको मान्यता दिन मिल्ने नदेखिने ।

**प्रकरणहरूमा गरिएको विवेचनाबाट पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीको वैधानिक आयका स्रोतहरू देहायबमोजिम रहेको पाइने:-**

| क्र.स. | आयप्राप्त भएको स्रोत | विशेष अदालतले कायम गरेको रू. | यस अदालतको विश्लेषणबाट परेको भिन्नता रू. | खुद कायम हुन आएको जम्मा रकम रू. |
|---|---|---|---|---|
| १. | सेवा प्रवेश अगाडिको आय | ९५,०००।– | १,४५,०००।- थप | २,४०,०००।- |
| २. | तलब भत्ता | ५,६६,४१५।– | - | ५,६६,४१५।– |
| ३. | प्र. संजना काफ्ले (रेग्मी) को तलबसमेत | ७१,४६८।७९ | - | ७१,४६८।७९ |
| ४. | प्र. संजना काफ्ले(रेग्मी) को दाइजो पेवा | १,५०,०००।– | - | १,५०,०००।– |
| ५. | घर भाडा | १,२६,०००।– | - | १,२६,०००।– |
| ६. | जग्गा विक्री | १६,५००।– | - | १६,५००।– |
| ७. | दीपक राईबाट कर्जा फिर्ता | १,२०,०००। | - | १,२०,०००। |
| ८. | कृषि आय | ३,६०,०००। | - | ३,६०,०००। |

| | | | | |
|---|---|---|---|---|
| ९. | बैंक ब्याज | ७७,२८७।२९ | - | ७७,२८७।२९ |
| १०. | ऋण रकम फिर्ता | १,००,००० | - | १,००,००० |
| ११. | गोपाल शर्माबाट | ५०,००० | - | ५०,००० |
| जम्मा रू. | | १७,३२,६७१।०८ | १,४५,०००।- | १८,७७,६७१।०८ |

विशेष अदालतले गरेको विश्लेषणका सम्बन्धमा माथि प्रकरण प्रकरणमा गरिएको विवेचनाबाट पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीले स्रोत पुष्टि गर्नुपर्ने जाँच अवधिको कूल सम्पत्ति रू. १,२७,६५,३६२।५८ देखिएकामा सोही अवधिमा निजलाई बैधानिक स्रोतहरूबाट जम्मा रू. १८,७७,६७१।०८ प्राप्त भएको देखियो। यस प्रकार पुनरावेदक प्रतिवादीको आयस्रोत र सम्पत्तिको तुलना गरि हेर्दा निजले कानूनबमोजिम प्राप्त गरेको आयस्रोतबाट रू. १,०८,८७,६९१।५० बिगो बराबरको सम्पत्ति स्रोत पुष्टि भएको नदेखिने।

आरोपपत्रमा हालको मूल्यको आधारमा घरजग्गाको मूल्याङ्कन गरि स्रोत खुलेको र नखुलेको सम्पत्तिको भिन्नता गरिएको देखिन्छ। तर सम्पत्तिको मूल्याङ्कन हालको मूल्यका आधारमा नभइ आर्जन गर्दाको तत्कालीन मूल्यका आधारमा हुनुपर्ने मान्यता अदालतबाट कायम भएकाले वादी पक्षले स्रोत खुलेको र नखुलेको भनि आरोपपत्रमा उल्लेख गरेको आधारमा समेत भिन्नता आउने स्पष्ट छ। प्रतिवादीको प्रत्येक आर्थिक वर्षको वैध आय स्रोत र निजले गरेको खर्च तथा आर्जन गरेको सम्पत्तिको यकिन, वस्तुनिष्ट र तुलनात्मक आधारसहित दाबी नलिइएसम्म कुन सम्पत्तिको स्रोत पुष्टि भएको हो र कुन सम्पत्तिको स्रोत पुष्टि नभएको भनि निर्धारण गर्ने विषय जटिल बन्ने कुरा स्पष्ट छ। त्यसैले यस अदालतले न्यायिक विवेकका आधारमा आयस्रोत, सम्पत्तिको परिमाण र आर्जन गर्दाको अवस्थासमेतलाई विचार गरि जफत प्रयोजनको लागि स्रोत पुष्टि हुन नसकेको सम्पत्तिको निर्धारण गर्दै आएको छ। प्रतिवादीको आयस्रोत प्राप्त हुने अवस्था र अमुक सम्पत्ति आर्जन गरिएको समय समेतलाई विचार गरि यससम्बन्धी न्यायिक निष्कर्षमा पुग्नुपर्ने।

अभियोगपत्रमा दाबी लिएका सुशीला कुमारी काफ्ले (अर्याल) का नामको कृषि विकास बैंक, रत्नपार्क शाखाको बचत खाता नं. ०७२०४०१ मा रहेको रू.१९,९३,०५४।०३, उषादेवी काफ्ले नामको कृषि विकास बैंक गौशालाको बचत खाता नं. ३११५६६ मा रहेको रू. ३४,२७,१२९।४८, ऐ.नामको ऐ. बैंकको मुद्दति खाता नं. २३४९७५ मा रहेको रू.१०,००,०००।–, सुधीरकुमार काफ्ले नामको ऐ. बैंक रत्नपार्क शाखाको बचत नं. ९३१०४४ मा रहेको रू. २०,३५,४३७।४५ समेतका मौज्दात र सोबाट बढे बढाएको रकम तथा पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीको का.जि.का.म.न.पा वडा नं. ९ कि.नं. ६३ क्षेत्रफल ०–६–२–० रोपनी मोल रू. १,६२,५००।– पर्ने जग्गा र सोही जग्गामा बनेको रू. १८,००,०००।- पर्ने घर, प्रतिवादीको घरबाट बरामद भएको रू. ६,५२,५००।- मध्ये रू. ४,६९,५७०।५४ समेतको चल अचल सम्पत्ति जफत हुने देखिने।

विशेष अदालतको फैसलाका सम्बन्धमा माथिका विभिन्न प्रकरणहरूमा गरिएको सम्पत्तिको मूल्याङ्कन तथा आयको विवेचनाबाट पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीको जाँच अवधिको कूल सम्पत्ति रू.१,२७,६५,३६२।५८ देखिएकामा सोही अवधिमा निजलाई वैधानिक स्रोतहरूबाट जम्मा रू.१८,७७,६७१।०८ प्राप्त भएको देखियो। यस आधारमा प्रतिवादीको वैध आय स्रोतभन्दा रू.१,०८,८७,६९१।५० बिगो बराबरको

सम्पत्ति बढी देखिन आएको छ । त्यसैले पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीले स्रोत पुष्टि गर्न नसकेको रू.१,०८,८७,६९१।५० बराबरको सम्पत्ति नै निजले गैरकानूनीरूपमा आर्जन गरेको देखिन आउने ।

पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीले जम्मा रू.१,०८,८७,६९१।५० बराबरको चल अचल सम्पत्तिको स्रोत पुष्टि गर्न सकेको नदेखिएकाले सोहीबमोजिम बिगो कायम गर्नुपर्नेमा रू.१,११,५९,७१८।२७ बिगो कायम गरेको हदसम्म विशेष अदालतको मिति २०६७।१।१४ को फैसला मिलेको नदेखिँदा बिगोको हकमा केही उल्टी भइ उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त र तथ्य एवम् प्रमाणहरूको विश्लेषणसमेतको विवेचित आधार कारणबाट पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीले जम्मा बिगो रू.१,०८,८७,६९१।५० बराबरको चल अचल सम्पत्ति गैरकानूनीरूपमा आर्जन गरि आफ्नो साथमा तथा आफन्तहरूका नाममा लुकाई राखी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसुर गरेको ठहर्छ । सो ठहर्नाले निज पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) अनुसार बिगोबमोजिम रू. १,०८,८७,६९१।५० जरिवाना र एक वर्ष कैद हुने ।

स्रोत पुष्टि हुन नसकेको पुनरावेदकहरू सुशीलाकुमारी काफ्ले (अर्याल) का नामको कृषि विकास बैंक, रत्नपार्क शाखाको बचत खाता नं. ०७२०४०१ मा रहेको रू.१९,९३,०५४।०३, उषादेवी काफ्ले नामको कृषि विकास बैंक, गौशालाको बचत खाता नं. ३११५६६ मा रहेको रू. ३४,२७,१२९।४८, ऐ. नामको ऐ. बैंकको मुद्दति खाता नं. २३४९७५ मा रहेको रू.१०,००,०००।–, सुधीरकुमार काफ्ले नामको ऐ. बैंक रत्नपार्क शाखाको बचत नं. ९३१०४४ मा रहेको रू. २०,३५,४३७।४५ समेतका मौज्दात र सोबाट बढे बढाएको रकम तथा पुनरावेदक प्रतिवादी उमेशकुमार रेग्मीको का.जि. का.म.न.पा वडा नं. ९ कि.नं. ६३ क्षेत्रफल ०–६–२–० रोपनी मोल रू.१,६२,५००।– पर्ने जग्गा र सोही जग्गामा बनेको रू.१८,००,०००।- पर्ने घर र प्रतिवादीको घरबाट बरामद भएको रू. ६,५२,५००।– मध्ये रू. ४,६९,५७०।५४ समेतको चल अचल सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम जफत हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७२ साल माघ १२ गते रोज ३ शुभम् ।

## **इजलास नं. १**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-००२४, उत्प्रेषण/परमादेश, *नवराज अधिकारी वि. पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयसमेत*

निवेदकलाई सरूवा गर्ने योग्यता पुगेपछि नियमितरूपमा नै सरूवा गरेको देखिन्छ । सरूवा गरिएको स्थानमा गई हाजिरसमेत भइ काम गर्न थालेको दुई वर्षको समय अवधि पनि भुक्तान नहुँदै पदमिलान गर्ने नाममा रिट निवेदकलाई पश्चिमाञ्चल स्वास्थ्य सेवा निर्देशनालय, कास्कीबाट मिति २०६९।०३।१२ पुनः सरूवा भइ आएको साबिककै कार्यालय फिरफिरे उपस्वास्थ्य चौकी, तनहुँमा पद मिलान गरि हाजिर हुन जान गरिएको निर्णयले निवेदकको हकमा अन्यायको स्थिति सिर्जना भएको अवस्था देखिन्छ । स्वास्थ्य सेवा विभागले नियमितरूपमा गरेको सरूवालाई बदर गर्नुपर्ने कुनै कानूनी आधार र कारणबेगर पदमिलानको नाममा रिट निवेदकलाई हाल सरूवा भइ आएको साबिककै कार्यालयमा हाजिर हुन जान बाध्य पारिएको विपक्षी पश्चिमाञ्चल क्षेत्रीय

स्वास्थ्य निर्देशनालय, पोखराको कार्य कानून एवम् न्यायसम्मतको भन्न नमिल्ने।

कुनै पनि कर्मचारीले सरूवा भइ गएको स्थानमा कानूनले निर्धारण गरेको न्यूनतम् अवधिसम्म बसि कामकाज गर्न नपाउने गरि बाधा पुर्‍याउन सामान्यतया मिल्दैन । अदालतबाट लिखित जवाफ पेस गर्ने सम्बन्धमा आदेश भइ रितपूर्वक म्याद तामेल भएकामा विपक्षीहरूले म्यादभित्र आफूले गरेको निर्णयको समर्थनमा कुनै जवाफ प्रस्तुत गर्नसकेको देखिँदैन । पदमिलानको नाममा रिट निवेदकलाई सरूवा भइ आएको साबिककै कार्यालयमा हाजिर हुन पठाउने विपक्षी पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराको मिति २०६९।०३।१२ को निर्णयलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१(ख) मा गरिएको सरूवासम्बन्धी व्यवस्था अनुकूलसमेतको भन्न मिल्दैन। निवेदकलाई सरूवा गर्न अख्तियार भएको स्वास्थ्य सेवा विभागले गरेको सरूवा निर्णयलाई माथिल्लो निकायबाट संशोधन वा बदर भएको पनि नदेखिएको अवस्थामा कानूनी आधार र कारण उल्लेख नै नगरि विभागको सरूवा निर्णयलाई निष्क्रिय तुल्याउने गरि गरिएको विपक्षी क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट निवेदक सरूवा भइ आएको साबिक कार्यालयमा गरिएको पदमिलान गर्ने निर्णयलाई कानूनसम्मतको भन्न नसकिने हुँदा रिट निवेदकलाई विपक्षी पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरा, कास्कीले मिति २०६९।०३।१२ मा गरेको पदमिलान गर्ने निर्णय कानूनसम्मतको देखिन नआएबाट उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। यस अदालतबाट मिति २०६९।०४।१० मा जारी भएको अन्तरिम आदेशबाट रिट निवेदकको मिति २०६९।३।१२ को सरूवा निर्णय कार्यान्वयन नभइ निवेदक लाहाचोक उपस्वास्थ्य चौकी, कास्कीमै कार्यरत् रहि काम गरिरहेकै हुँदा थप कुनै आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०३१०, उत्प्रेषण/परमादेश, *स्वस्ती पौड्याल (आचार्य) वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

सरूवा बदर गर्नु पर्नाको कारणमा कानूनको समस्या नभइ व्यवस्थापकीय समस्यालाई विपक्षीहरूले लिखित जवाफमा उठाएको देखिन्छ। स्वास्थ्य सेवा विभागका महानिर्देशक र ट्रेड युनियनबिच गरिएको सहमतिले कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्न सक्दैन। महानिर्देशक र ट्रेड युनियनका बिचमा कानूनी व्यवस्थालाई प्रतिस्थापन गर्ने गरि कुनै सहमति भए पनि त्यस्तो सहमतिले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । कानूनबमोजिम हुने सरूवाको विषयमा ट्रेड युनियन बाधाको रूपमा रहन पनि हुँदैन । विपक्षी स्वास्थ्य सेवा विभागले आफैँले मिति २०६९।४।२३ मा गरेको सरूवा निर्णयलाई मौजुद स्वास्थ्य सेवासम्बन्धी ऐन नियमविपरीत रहेको नदेखिएसम्म आफैँले बदर गर्न नमिल्ने।

मिसिल संलग्न मेडिकल बोर्डको सिफारिससमेतबाट निवेदिकाले स्त्री रोग विशेषज्ञको फलोअपमा रहन उपयुक्त देखिएको भन्ने देखिन्छ । उल्लिखित कानूनी व्यवस्था समेतको आधारमा निवेदिकाको सरूवा स्वास्थ्य सेवाको दृष्टिले पायक पर्ने स्थानमा कानूनबमोजिम मेडिकल बोर्डको सिफारिससमेतको आधारमा भएकामा निजको सरूवा बदर गर्ने विपक्षीको निर्णय कानूनी व्यवस्थाअनुरूपको भन्न नमिल्ने।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ (ख) मा रिक्त पद मिलेसम्म कर्मचारीको पती पत्नी दुवै सरकारी सेवामा बहाल रहेको भए एउटै जिल्लामा पठाउने गरि सरूवा गरिनेछ भनि सरूवाको आधार निश्चित गरिएकामा रिट निवेदिकाको सरूवा पति कार्यरत रहेको भक्तपुर जिल्लाको बालकोट स्वास्थ्य चौकीमा भएकोलाई उल्लिखित कानूनी व्यवस्थाको अनुकूलकै देखिएको सन्दर्भमा निजको मिति २०६९।४।२३ को सरूवा निर्णय बदर गर्ने गरि भएको विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।२१ को निर्णय र सोही मितिमा रिट निवेदिकालाई जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुरमा कामकाज गर्नेगरि काजमा खटाइएको भन्ने विपक्षी स्वास्थ्य सेवा विभागको निर्णयसमेत कानून अनुकूलको भएको नदेखिएकाले उक्त मितिका दुवै निर्णयहरू कायम रहन सक्ने प्रकृतिका रहेको देखिन नआउने हुँदा रिट निवेदिकालाई विपक्षी स्वास्थ्य सेवा विभागबाट मिति २०६९।४।२३ मा जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकबाट बालकोट स्वास्थ्य चौकी, भक्तपुरमा गरिएको सरूवा बदर गर्ने गरि भएको विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।२१ को निर्णय एवम् सोही मितिमा रिट निवेदिकालाई काजमा खटाउने गरि लेखिएको पत्रसमेत कानूनसम्मतको देखिन नआएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। यस अदालतबाट मिति २०६९।६।७ मा अन्तरिम आदेश जारी भइ रिट निवेदिकाको सरूवा बदर गर्ने विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६९।५।२१ को निर्णय एवम् सोही मितिमा लेखिएको पत्र समेतको कार्यान्वयनमा रोक लागेको र मिति २०६९।४।२३ को सरूवा निर्णयअनुसार बालकोट स्वास्थ्य चौकीमा हाजिर हुनबाट निवेदिकालाई नरोक्नु, रोक्न नदिनु भनि विपक्षीहरूको नाउँमा आदेश जारी भइ रहेको र सो आदेश यथावत् कायम रही निरन्तरता पाइरहेकै हुँदा अन्य कुनै आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-१०६१, उत्प्रेषण/परमादेश, *भीमकान्त भण्डारी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

स्तरवृद्धि भइ पदनामसमेत पाई सकेकामा पुनः साबिककै पदनाम सरूवा पत्रमा उल्लेख गरि सरूवा गर्दै जादा कर्मचारीहरूलाई पाएको पदबाट घटुवा हुने गरि सरूवा गरिएको महसुस हुन जानेसमेत हुदा यस्तो विषयमा सरूवामा संलग्न रहेको विपक्षी स्वास्थ्य सेवा विभाग विशेषरूपमा संवेदनशील रहन जरूरी हुन्छ। विपक्षी स्वास्थ्य सेवा विभागको सरूवा निर्णयलाई अदालतको आदेश कार्यान्वयन हुने गरि गरिएको भन्न पनि नमिल्ने।

स्तरवृद्धिसँगै प्राप्त भएको पदनाम आगामी सरूवामा कायम नरहने भन्ने पनि हुँदैन । अब साबिककै पदनाम उल्लेख गरेको कारणले रिट निवेदकको सरूवा कानूनविपरीतको हुन्छ हुँदैन भन्ने सम्बन्धमा हेर्दा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७घ) मा जुन तहबाट स्तरवृद्धि भएको भए पनि कामकाज साबिककै तहबमोजिमको गर्नुपर्ने भन्ने व्यवस्था रहेको सरूवा पत्रमा हालको पदनाम उल्लेख नगरि साबिककै पदनाम उल्लेख गरेकै कारणले मात्र उल्लिखित कानूनी व्यवस्थासमेतबाट विपक्षीको सरूवालाई गैरकानूनी भनिहाल्न मिलेन । सरूवा नै बदर गरि हाल्नु पर्ने अवस्था नभए पनि पाइसकेको पदनामको सट्टा साबिककै पदनाम उल्लेख गरि सरूवा गरिएको हकमा भने अब आइन्दा यस किसिमको गल्ती नदोहोऱ्याउनेतर्फ विपक्षी स्वास्थ्य सेवा विभागले

सतर्कता अपनाउनु पर्ने।

विपक्षीहरूको लिखित जवाफमा रिट निवेदक सरूवा भइ गइसकेको स्थानमा अर्कै कर्मचारी हाजिर भइसकेको भनि जिकिर लिएको सन्दर्भसमेतलाई मध्यनजर राख्दा र सरूवा पत्रमा वास्तविक पदनाम उल्लेख नभइ फरक पदनाम उल्लेख भएकोलाई सरूवा नै कानूनविपरीत भइ अनियमित रहेको भनि बदर गरिहाल्नु पर्ने अवस्थाको नदेखिँदा रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेशद्वारा मिति २०६८।१२।३० को सरूवा र सो मितिको पत्रसमेत बदर गर्न परेन। रिट निवेदकको नामको उक्त मितिको सरूवा पत्रमा उल्लेख भएको पदनामसम्म सच्याइदिएमा रिट निवेदकले माग गरेको उपचार प्राप्त हुने देखिँदा विपक्षी स्वास्थ्य सेवा विभागबाट रिट निवेदकलाई गरिएको मिति २०६८।१२।३० को सरूवा निर्णय कानूनविपरीतको नदेखिँदा सो निर्णय बदर गरिपाउँ भन्ने रिट निवेदकको मागदाबी पुग्न सक्दैन। पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।२५ को आदेशानुसार विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६७।०६।११ मा रिट निवेदकलाई अधिकृत छैठौं तहको जनस्वास्थ्य निरीक्षक पदनाम प्रदान दिइसकिएको देखिँदा उल्लिखित मितिको सरूवा पत्रमा उल्लेख भएको अ.हे.व. पदनामको सट्टा रिट निवेदकले प्राप्त गरिसकेको पदनाम नै उल्लेख हुने गरि उक्त मितिको सरूवा पत्र सच्चाइ कार्यान्वयन गर्नु भनि विपक्षी स्वास्थ्य सेवा विभागको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WO-००५९, उत्प्रेषण/परमादेश, *शरदप्रसाद आचार्य वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*
- ०६८-WO-११३०, उत्प्रेषण/परमादेश, *विमलकुमार मण्डल वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*
- ०६८-WO-११६४, उत्प्रेषण/परमादेश, *लालप्रसाद यादव वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-१२२३, उत्प्रेषण/परमादेश, *कुलबहादुर लिम्बू वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६४।९।१२ निर्णय अनुसार ४(चार) वर्षको लागि नेपाल वायु सेवा निगमको महाप्रबन्धकको लागि नियुक्त गरिएको देखिन्छ। रिट निवेदकलाई हवाइजहाजको *Fly Away Kit Box* हराएको विषयमा समय मै जानकारी दिनेलगायतको कार्य गरि निगमको काम कारवाहीमा गम्भीर लापरवाही गरेको भन्नेसमेतका आरोप लगाई निगमको महाप्रबन्धकको पदबाट हटाउने गरि भएको निर्णयउपर निवेदकले यस अदालतमा रिट दिन आएको देखियो। निज रिट निवेदकलाई हटाउने कार्यलाई कार्यान्वयन हुन दिनबाट रोक्नु भन्ने विषयमा यस अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् निज रिट निवेदक पूर्ववत् रूपमा महाप्रबन्धकको पदमा बहाल भइ काम गरेको अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। रिट निवेदकलाई ४ वर्षको लागि भनेर नेपाल सरकारबाट मिति २०६४।९।२२ नियुक्त गरिएको र सोहीनुसार निजको पदावधि मिति २०६८।९।२१ सम्म मात्र देखिनुको साथै पदावधि समाप्त भएपछि कार्यकाल थप नभइ महाप्रबन्धकको रूपमा अर्कै व्यक्तिको नियुक्तिसमेत भइसकेको भन्ने कुरा मिसिल संलग्न कागजात एवम् विपक्षीतर्फका विद्वान् कानून व्यवसायीले बहसको क्रममा अभिव्यक्त

गरेको देखिएबाट प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भएको देखिन्छ। रिट निवेदनको प्रयोजन समाप्त भइसकेकाले रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नु परेन। रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन नै खारेज हुने ठहरेकाले मिति २०६८।५।१६ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: बाबुराम सुबेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-MS-०००९, अदालतको अवहेलना, *कुलबहादुर लिम्बू वि. सचिव डा. गणेशराज जोशी, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

अदालतको अवहेलना भयो भन्नेले अदालतको अवहेलना हुने गरि विपक्षीहरूको के कस्तो काम गरेका हुन् वा सो कुरा स्पष्टसँग उल्लेख गर्न सक्नुपर्छ। अदालतको अवहेलना फौजदारी कसुर हुँदा यस्तो कसुर ठहरिनको लागि स्पष्ट र तथ्ययुक्त प्रमाण देखिन आवश्यक हुन्छ। विपक्षीहरूले पेस गरेको लिखित जवाफको समग्र अध्ययन गर्दा निवेदकलाई पदबाट हटाउने गरि भएको निर्णयको विरूद्ध परेको भनेको उत्प्रेषणको रिटमा मिति २०६८।५।१६ मा जारी भएको अन्तरिम आदेशको स्पष्टसँग उल्लङ्घन हुने गरि विपक्षीहरूबाट कामकारवाही भएको अवस्था देखिँदैन। निवेदकले महाप्रबन्धकको हैसियतले काम गरिरहनु भएको र सञ्चालक समितिको बैठकमा समेत सहभागी हुँदै आएको भन्ने कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ। साथै अन्तरिम आदेश भएपश्चात् यस अदालतसमेतलाई बोधार्थ दिइएको मिसिल संलग्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६८।५।२३ मा पत्रको छायाँप्रति (Photo Copy) बाट निवेदक कुलबहादुर लिम्बू मिति २०६८।५।२० बाट निगममा हाजिर भएको व्यहोरा उल्लेख भएको देखिन्छ भने मिति २०६८।६।४ र मिति २०६८।६।१० मा बसेका नेपाल वायुसेवा निगमको सञ्चालक समितिको बैठकहरूमा निवेदक कुलबहादुर लिम्बू महाप्रबन्धकको रूपमा उपस्थित भइ सहीसमेत गरेको व्यहोरा मिसिल संलग्न उक्त मितिमा बसेको सञ्चालक समितिका बैठकका निर्णयप्रतिहरूको प्रतिलिपिबाट देखिँदा मिति २०६८।५।१६ मा जारी भएको अन्तरिम आदेशको कार्यान्वयन भइरहेकै देखिन्छ। अदालतको अन्तरिम आदेशको उल्लङ्घन भएको छैन भन्ने विपक्षीहरूको जिकिरको निवेदकले युक्तियुक्त ढङ्ले कुनै प्रमाण पेस गरि खण्डन गर्न सकेको पनि देखिँदैन। यस्तो अवस्थामा विपक्षीहरूले अदालतको अवहेलना गरे भन्ने निवेदकको हचुवा निवेदन लेखको आधारमा मात्रै विपक्षीहरूले अदालतको अवहेलना गरेको भन्न नमिल्ने हुँदा विपक्षीहरूलाई अदलातको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदकको माग दाबी नपुग्ने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१२०५, जबरजस्ती करणी, *उमेशकुमार महतो वि. नेपाल सरकार*

पीडितको शारीरिक परीक्षण गर्ने चिकित्सकको परीक्षण प्रतिवेदनमा योनी रातो र सुन्निएको पाइएकाले प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानको समर्थन भएको देखिन्छ। जबरजस्ती करणीको वारदातमा चस्मदिद गवाहको सर्वथा अभाव रहने हुनाले यस्तो घटनाको प्रत्यक्षदर्शी भनेकै पीडित स्वयम् हुने र पीडितले प्रतिवादीले आफूउपर गरेको कुकृत्यको सविस्तार वर्णन आफ्नो बाबुलाई गरेपछि प्रतिवादीउपर जाहेरी परेको अवस्थालाई झुठ्ठा

जाहेरीको संज्ञा दिन नमिल्ने ।

५ वर्षकी बच्चीले प्रतिवादीलाई फसाउनलाई नभएको कुरा रची जबरजस्ती करणीको झुठ्ठो व्यहोरा सिर्जना गरि बाबुलाई भनेकी होलिन् भन्ने कुरा अनुमान गर्नसमेत नसकिने ।

पीडितलाई सिकाएर जबरजस्ती करणी गरेको हो भनि भन्न लगाइएको हो पीडितको स्वेच्छाले जबरजस्ती करणी गरेको भनि भनेकै नहुँदा सफाइ पाउनुपर्छ भनि प्रतिवादीले पुनरावेदनमा जिकिर लिएको भए पनि त्यस्तो कुराको भरपर्दो प्रमाण प्रतिवादी गुजार्न सकेको देखिँदैन । सफाइ पाउँ भन्ने जिकिरलाई सबुत प्रमाण पेस गरेर प्रमाणित गराउन नसकेको हुनाले निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

५ वर्षकी बच्चीले आफूमाथि भएको पीडाको बारेमा सत्य कुरा आफ्नो अभिभावकलाई भनेपछि मात्रै जाहेरी परेको र पीडितको मौकाको कागज बाबुको रोहबरमा गराइएको अवस्था हुँदा पीडितले पीडाबोध हुने गरि कागज गरि दिएकोलाई प्रतिवादीमाथि झुठ्ठा आरोप लगाइएको होला भन्न सकिँदैन । योनी नच्यातिएको र योनीमा वीर्य नदेखिएको अवस्था हुँदा आफूले कसुर नगरेको स्पष्ट देखिँदादेखिँदै आफूलाई सजाय गरेको मिलेको छैन भन्ने पनि प्रतिवादीले पुनरावेदनमा जिकिर लिएकामा सम्बन्धमा हेर्दा प्रतिवादीले पीडितलाई घरभित्र बोलाई भुइँमा सुताइ कट्टु खोली गुप्ताङमा लिङ्ग छिराउँदा अलिकति छिरेकोजस्तो भएको र लिङ्ग नपसेपछि छोडी दिएको भनि मौकामा साबित भइ बयान गरेकोसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने मनसाय लिएरै पीडितको यौनीमा लिङ्ग छिराउने प्रयास गरेको र नछिरेपछि छाडेको अवस्था देखिँदा प्रतिवादीले जबरजस्ती करणीको पूर्ण अपराध सम्पन्न गरेको देखिँदा प्रतिवादीले लिएको पुनरावेदन जिकिर तथ्य र कानूनमा आधारित रहेको नदेखिने ।

पीडितलाई पैसा दिएर घरभित्र बोलाई भुइँमा सुताइ कट्टु खोली निजको योनीमा लिङ्ग पसाउने प्रयास गरेको तथ्यको पुष्टि पीडितकै कागज एवम् चिकित्सकको परीक्षण प्रतिवेदनले गरेको अवस्थाले प्रतिवादीको पीडितलाई जबरजस्ती करणी गर्ने मनसाय रहेको भन्ने स्पष्ट भइरहेकै देखिने ।

प्रतिवादीले आफ्नो उमेर १६ वर्ष नपुगेको अवस्थामा आफूलाई वयष्कसरह सजाय गरेको मिलेको छैन भनि पुनरावेदनमा जिकिर लिएको भए पनि कतै कसुर नै गरेको छैन भन्ने र कतै वयष्कसरह सजाय नहुनु पर्ने हो भनि विरोधाभाषपूर्ण कुराको पुनरावेदनमा जिकिर लिएको देखिएकाले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी नगरेको भन्न नमिल्ने ।

मिसिल संलग्न रहेको श्री खजुरगाछी माध्यामिक विद्यालय, खजुरगाछी-५, महेन्द्रनगर, झापाको मिति २०६५।१२।२५ को पत्रमा उल्लेखित विद्यालयको रेकर्डअनुसार प्रतिवादीको जन्म मिति २०४९।५।१२ भनि उल्लेख भएको देखिन्छ । उक्त मिति गणना गर्दा वारदात मिति २०६५।१२।२४ मा प्रतिवादीको उमेर १६ वर्ष पुगिसकेको स्पष्ट देखिन्छ । प्रतिवादीले मिति २०६६।१०।२४ को गा.वि.स. को सिफारिस पेस गरेकामा सोमा प्रतिवादीको जन्म मिति २०५३।६।३१ भन्ने देखिए पनि सो सिफारिस अभियोग दायर भएपछि तयार भइ पेस भएको देखिएबाट सो सिफारिस पत्रलाई भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्न नमिल्नाले उक्त सिफारिसपत्रको आधारमा प्रतिवादीको उमेर १६ वर्ष नपुगेको भनि निजलाई कम सजाय गर्नसमेत मिल्ने अवस्था नहुँदा प्रतिवादी उमेशकुमार महतोले पीडितलाई जबरजस्ती करणी गरेको ठहर्‍याई प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम कैद वर्ष १०(दश) हुने र ऐ. ऐन ऐ. महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू. १०,०००।- (दश हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराउनु पर्ने ठहर्‍याई सुरू

झापा जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।०९।०७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी**, ०६७-CR-०३०८, जबरजस्ती चोरी, *रामबहादुर मल्ल वि. नेपाल सरकार*

प्रतिवादीले चोरी गरेको सुन बेची प्राप्त हुने रकम बाँडी खाने योजना थियो भनि बयान गरेको देखिन्छ। उक्त बयानलाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम आफू निर्दोष रहेको जिकिर प्रमाणित गर्ने कानूनी दायित्व प्रतिवादीको हो। तर आफ्नो संलग्नता नभएको कुराको प्रमाण प्रतिवादीले देखाउन सकेको देखिँदैन। मौकामा कागज गर्ने वादी पक्षका साक्षी सुकबहादुर दर्जी र टीकाराम कुँवरको यी पुनरावेदक प्रतिवादीले जाहेरवालीको सुन चोरी गरेकामा विश्वास लाग्छ भनि लेखाएकामा निजहरूले अदालतमा साक्षी सरह उपस्थित भै बकपत्र गर्दा वारदातको भोलिपल्ट रामबहादुर मल्लले जाहेरवालीको सुन चोरी गरेको भनेका हुन् भनि बकपत्र गरेको देखिन्छ। जाहेरवाली जाहेरी दरखास्तमा ४.५ तोला सुन चोरी भएको भनेकामा अदालतमा फुली भेटिएको कारण ४ तोला चोरी भएको भनि जाहेरी दरखास्त समर्थन गरि बकपत्र गरेको देखिन्छ। उक्त बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण ग्राह्य हुँदा उल्लिखित आधार र कारणबाट यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको ४ नं. को कसुरमा ऐ. १२ र १४ को देहाय २ नं. बमोजिम एक महिना पन्ध्र दिन कैद सजाय, बिगो रू. ९२,८०००।– को डेढी गर्दा हुने रू. १३९,०००।– जरिवाना हुने ठहरि भएको पुनरावेदन अदालत, बागलुङको फैसला अन्यथा नदेखिने।

पुनरावेदक प्रतिवादीले पहिलो पटक जबरजस्ती चोरीको कसुर गरेकाले निजलाई मुलुकी ऐन, चोरीको महलको १२ र १४ को देहाय २ नं. लाई मध्यनजर राखी निजलाई एक महिना पन्ध्र दिन कैद र ऐ. दण्ड सजाय महलको ३८ को देहाय १ नं. बमोजिम जरिवानाबापत चार वर्ष कैद भइ पुनरावेदक प्रतिवादीलाई जम्मा चार वर्ष एक महिना पन्ध्र दिन मात्र कैद सजाय हुनेमा पुनरावेदक प्रतिवादी सोभन्दा बढी समय कैदमा बसेको अवधि गैरकानूनी हुने हुँदा पुनरावेदकलाई आज नै थुनामुक्त हुने गरि पुनरावेदन अदालत, बागलुङको मिति २०६७।२।२४ को फैसला सो हदसम्म केही उल्टी हुने हुँदा पुनरावेदक प्रतिवादीलाई आजै थुना मुक्त गर्नु भनि आदेश पर्चा तयार भइ यस अदालतको च.नं. ८३९८ बाट पर्वत जिल्ला अदालतमा पत्राचार भइसकेको देखिँदा सो सम्बन्धमा अरू केही गरिरहन परेन। आरोपित कसुरमा नै सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: गीता घिमिरे (गिरी)
इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी**, ०६७-CR-०४६९, मानव बेचबिखन तथा ओसारपसार, *लाक्पा तामाङ वि. नेपाल सरकार*

इन्कारी बयानलाई प्रतिवादीले समर्थन गर्ने प्रमाणहरू पेस गर्न सकेको देखिँदैन। आफ्नो मुलुकबाट अर्को मुलुकमा बिक्री भएकी पीडित महिलाले लगाएको कपडा र प्रयोग गरेका अन्य समानहरू त्यसरी

अन्यत्रको सामान्य चिनजानको मानिसको डेरा कोठामा फेला पर्नु कसुर अपराधको प्रमाणसँग सम्बन्धित हो । कसुर अपराध गर्ने व्यक्तिले आफूले गरेको कसुर गर्ने व्यक्तिले आफूले गरेको कसुर अपराधबाट बच्न र कानूनी सजायबाट उम्कन जहिले पनि झूठो बयान गर्ने हुँदा त्यसलाई सङ्कलित प्रमाणहरूबाट विश्लेषण र मूल्याङ्कन गरि न्याय निरूपण गर्नुपर्ने ।

वादी नेपाल सरकारले यी प्रतिवादीलाई सो ऐनको दफा १५(१) को खण्ड (क) बमोजिम सजाय गरि पाउन माग दाबी लिएको देखिन्छ । सुरू अदालतले दफा १५(१)(ङ) अन्तर्गत १० वर्ष कैद सजाय गरि रू. ५०,०००।– पीडितलाई भराइदिने ठहर्‍याई फैसला गरेको देखिन्छ । दफा १५(१)(ङ) को खण्ड (२) मा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना हुनेसमेतको व्यवस्था भएको देखिन्छ । आरोपित कसुर गरेको ठहर भएपछि जरिवाना पनि गर्नुपर्ने तथ्यमा विवाद छैन । प्रस्तुत मुद्दामा सुरू अदालतले उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादी लाक्पा तामाङलाई जरिवाना गरेको देखिँदैन । ऐनको दफा १७ को कानूनी व्यवस्था हेर्दा जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरि निजबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ भन्नेसमेतको व्यवस्था भएको देखिँदा कानूनबमोजिम जरिवाना पनि गर्नुपर्नेमा सुरू अदालतले जरिवाना नगरेको हदसम्म केही उल्टी गरि १० वर्ष कैद सजाय, एकलाख रूपैयाँ जरिवाना र पीडितले प्रतिवादीबाट ५०,०००।– रूपैयाँ भराई लिन पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला
कम्प्युटर: गीता घिमिरे
इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६९-CR-०५४३, ०७०-CR-१३९५, १०२९, ०७१-CR-०७१०, लागु औषध (खैरो हेरोइन) *नेपाल सरकार वि. विजय भन्ने प्रेमप्रकाश पुनसमेत, विजय भन्ने प्रेमप्रकाश पुन वि. नेपाल सरकार, सनमान लिम्बू वि. नेपाल सरकार, मार्शल भन्ने मोहन बुढामगर वि. नेपाल सरकार*

प्रतिवादी सनमान लिम्बूबाट २८ ग्राम, मोहन बुढामगरबाट ५ ग्राम, विष्णु पुनबाट ४ ग्राम र प्रेमप्रकाश पुनबाट ३ ग्रामसमेत गरि जम्मा ४० ग्राम लागु औषध (खैरो हेरोइन) बरामद भएको भन्ने कुरा खानतलासी बरामदी मुचुल्का देखिँदा प्रतिवादीहरूबाट उपरोक्त परिमाणको लागु औषध बरामद भएको तथ्यमा विवाद नदेखिने ।

प्रतिवादीहरूले अदालतमा बयान गर्दा बरामद भएको लागु औषध आफूहरूबाट बरामद भएको होइन भने पनि बरामदी मुचुल्का अन्यथा हुन सकेको देखिँदैन । २८ ग्राम लागु औषध बरामद भएका पुनरावेदक प्रतिवादी सनमान लिम्बूले मौकामा कपिल भन्ने विष्णु पुनबाट बिक्री गर्न खरिद गरेको भनि र प्रतिवादीहरू मोहन बुढामगर, विष्णु पुन र प्रेमप्रकाश पुनले पनि बिक्री वितरण गर्नका लागि लिएको भनि एकले अर्कालाई पोल गरि गरेको बयान पनि खण्डन हुन सकेको छैन । बरामद भएको लागु औषधको परिमाण हेर्दा र प्रतिवादीहरूले पनि बिक्रीको लागि बजार खोज्दै हिँडेको भनि गरेको बयानबाट बरामद भएको लागु औषध बिक्री वितरणको लागि साथमा राखेको भन्ने स्पष्ट हुने ।

फौजदारी विधिशास्त्रको मान्यताअनुसार जुन व्यक्तिले जुन प्रकारको आपराधिक कार्य गरेको छ निजलाई सो अपराधको मात्राअनुसार मात्र सजाय हुन्छ । वादी पक्षले बरामद भएको लागु औषधको

जोसँग जति बरामद भएको छ सो परिमाणको आधारमा नभइ अभियोग दाबीबमोजिम सबै प्रतिवादीहरूबाट बरामद भएको जम्मा परिमाणको आधारमा सजाय गर्नुपर्ने युक्तियुक्त कारण र आधार देखिँदैन । त्यसमा पनि लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ ले ...निषेध गरिएका कार्य गर्ने व्यक्तिलाई अपराधको मात्राअनुसार सजाय गर्ने व्यवस्था गरेको देखिन्छ । यसरी कानूनमा नै अपराधको मात्राअनुसार सजाय गर्ने व्यवस्था भएको परिप्रेक्ष्यमा बरामद भएको लागु औषधको परिमाणको आधारमा सजाय गर्नु नै कानूनसम्मत र फौजदारी न्यायसम्मत हुँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब देखिन आउने हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०७०-CR-०८७१, कर्तव्य ज्यान, *गीता रोका वि. नेपाल सरकार*

बच्चा जन्मेपछि निजलाई आफू एक्लैले हत्या गरेको हो त्यसमा अरू कसैको संलग्नता छैन भनि अदालतमा समेत कसुरमा सावित रहेको र उक्त साबिती बयानलाई मृतकको लास जाँच प्रकृति मुचुल्का, घटनास्थल प्रकृति मुचुल्कासमेतले थप पुष्टि गरेको देखिने ।

मृतक बच्चाको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Birth Asphyxia भनि उल्लेख गरेको देखिएबाट निजको मृत्यु श्वासप्रश्वासको अवरोधको कारण भएको भनि उल्लेख गरिएको समेतका मिसिल संलग्न कागज प्रमाणहरूले पुनरावेदक प्रतिवादी गीता रोकाको उक्त साबिती बयानलाई पुष्टि गरि राखेको देखिँदा पुनरावेदन अदालतल, तुलसीपुरबाट निज पुनरावेदक प्रतिवादी गीता रोकालाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद गरि भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदक प्रतिवादी एकल महिला भएको र लोकलाजबाट बच्नको लागि आफूले जन्म दिएको बच्चालाई जन्मनेबित्तिकै कर्तव्य गरि मारेको देखिन आएको हुँदा सर्वस्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष मात्र कैद सजाय गर्ने गरि व्यक्त गरेको पुनरावेदन अदालत, तुलसीपुरको रायसमेत मनासिबै देखिँदा पुनरावेदक प्रतिवादी गीता रोकालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याई ऐ. को १८८ नं. बमोजिम ५ वर्षको कैदको सजाय हुने गरि व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।३।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०६९-CR-०७८७, कर्तव्य ज्यान, *निर्मला परियार वि. नेपाल सरकार*

कानूनले नै प्रष्टरूपमा यति उमेरका व्यक्तिले कानूनबमोजिमको अपराध ठहरिने कुनै काम गरेमा निजलाई सजायबाट छुट हुनसक्ने गरि निश्चित उमेरका व्यक्तिलाई उन्मुक्ति दिएको अवस्थामा बाहेक अन्य

जस्तोसुकै अवस्था, परिस्थिति र परिबन्दमा परी कानूनले तोकेको सीमाभन्दा बढी उमेरका व्यक्तिले अपराध गरेको छ भने त्यस्तो व्यक्तिलाई सजायबाट उन्मुक्ति दिन मिल्ने अवस्था देखिन नआएको हुँदा पुनरावेदन अदालत, तुलसीपुरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा पुनरावेदक प्रतिवादी निर्मला परियारलाई सर्वश्वसहित जन्मकैद गर्ने गरि भएको सुरू सल्यान जिल्ला अदालतको फैसलालाई केही उल्टी गरि निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम १० (दश) वर्ष कैद हुनै ठहरि पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६९।३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

कसुर गर्दाको परिस्थिति**,** गर्भ पतनको सेवा लिन नसकेको अवस्था**,** पुनरावेदक प्रतिवादीको उमेर तथा सामाजिक लोकलाजको अवस्थासमेतलाई विचार गर्दा पुनरावेदक प्रतिवादी निर्मला परियारलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने गरि व्यक्त गरेको पुनरावेदन अदालत, तुलसीपुरको राय मिलेकै देखिँदा उक्त रायसमेत सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०७०-CR-०१५६, कर्तव्य ज्यान, *बेलीमायाँ लुङ्वा वि. नेपाल सरकार*

कुनै पनि चिकित्सकले कुनै पनि विषयमा जाँच गरिदिएको राय उसको व्यक्तिगत राय हो र राय आफैँमा अकाट्य प्रमाण हुन सक्दैन । विशेषज्ञले दिएको राय शङ्कास्पद, द्विविधायुक्त वा अस्पष्ट हुनु हुँदैन र यस्तो रायलाई अन्य स्वतन्त्र प्रमाणले समर्थित गर्दछ भने मात्र अदालतले त्यस्तो रायलाई प्रमाणको रूपमा लिन सक्ने हुन्छ। विशेषज्ञको रायलाई मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सक्दैन भने त्यस्तो रायलाई मुद्दा मामिलामा निर्णयाधारको रूपमा ग्रहण गर्न मिल्ने नहुने।

मृतकको शव परीक्षण गर्ने चिकित्सकहरूले लासमा देखिएको लक्षणहरूको आधारमा मृतकको मृत्यु HANGING को कारण श्वासप्रश्वास अवरूद्ध भइ भएको हो भनि यकिनको साथ भन्न सकेकोसमेत देखिँदैन । शव परीक्षण प्रतिवेदन, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कासमेतबाट झुन्डी मरेको मानिसमा हुनुपर्ने सबै लक्षणहरूको विद्यमानता नदेखिएको अवस्थामा मृतक माइली माया भुलोन भन्ने मनसरा भुलोनको मृत्यु आफैँ झुन्डिएर भएको नभै कर्तव्यबाट नै भएको देखिन आउने।

साबिती बयानलाई मृतकको शव परीक्षण प्रतिवेदन, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, सफाइ पाइ बसेका प्रस्तुत मुद्दाका प्रतिवादीहरू चन्द्रमाया लुङ्वाको बयान तथा नरेन्द्र लुङवासमेतको वस्तुस्थिति मुचुल्का र मिसिल संलग्न मृतको फोटोहरूसमेतबाट पुष्टि भैराखेको अवस्थामा मृतक माइली माया भुलोन भन्ने मनसरा भुलोनको मृत्यु पुनरावेदक प्रतिवादी बेलीमाया लुङवाकै कर्तव्यबाट भएकोलाई अन्यथा भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादी बेलिमाया लुङवाले अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहरि पुनरावेदक प्रतिवादीको उमेर, अपराध गर्दाको अवस्था र अपराध गर्दाको प्रकृतिसमेतलाई विचार गर्दा निजलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ६ वर्ष कैदको सजाय हुने राय लगाई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।१२।६ मा भएको फैसला मिलेकै देखिँदा

सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०६८-WO-०५४३, उत्प्रेषण / प्रतिषेध, *रामआधार साह वि. अख्तियार दुरूपयोत अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

निजामती कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० विशेष ऐनबमोजिम विभागीय कारवाही गर्दा सो ऐन नियममा उल्लेख गरिएको विधि र तरिकाबाट विभागीय कारवाही गरिने व्यवस्था गरिएको छ । सो विभागीय कारवाहीमा चित्त नबुझे कानूनले नै यी रिट निवेदकलाई पुनरावेदनको लागि प्रशासकीय अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको छ । विवादको विषयवस्तु यी रिट निवेदक गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, विराटनगरमा मिति २०६४।२।१७ मा कार्यरत रहँदा सोही मितिको घटनालाई लिएर पुनः अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विभागीय कारवाहीको लागि लेखिपठाएको देखियो र सोही पत्रबाट पुनः यी रिट निवेदक रामआधार साहलाई विभागीय कारवाही गर्न लागिएको पनि देखिँदा सोही विषयको आरोपमा प्रशासकीय अदालतबाटसमेत एकपटक फैसला भइ रिट निवेदकउपरको २(दुई) तलब बृद्धि रोक्का गर्ने गरेको विभागीय कारवाही बदर भएको देखिँदा अदालतको फैसला अन्तिमताको सिद्धान्त अनुसार विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतबाट यी रिट निवेदकउपर पटक पटक एकै मितिको एकै घटनाको विषयवस्तुउपरमा कारवाही गर्न नपाउने हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने देखियो र यही मुद्दाको विषयवस्तुलाई लिएर निवेदकउपर पुनः विभागीय कारवाही नगर्नु नगराउनु भनि विपक्षीहरूको नाममा परमादेशको आदेससमेत जारी हुने ।

इजलास अधिकृत (उपसचिव): प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-WO-०६११, उत्प्रेषण/प्रतिषेध, *रामआधार साह वि. अख्तियार दुरुपयोत अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०७०-CR-०९७२, जालसाजी, *हिरादेवी डंगोल वि. सावित्रीदेवी डङ्गोल*

प्रतिवादी चन्द्रमान डंगोलको २१ वर्ष उमेर पुगेको श्रीमती र २१ वर्ष नपुगेका २ छोरा छोरी भएको र निजहरूको मन्जुरी वा सहमति नलिई विवादित कि.नं. ३९६ को घरजग्गा घरको मुख्य व्यक्ति चन्द्रमान डंगोलले रविता सुवाल र हिरादेवी डंगोललाई संयुक्तरूपमा राजीनामा पारित गरिदिएको देखियो । यसरी माथि उल्लिखित विवादित घरजग्गा पैतृक भएको र सो घरजग्गा वादीहरूको मन्जुरीबेगर बिक्री गरेको देखिएकाले अंशबन्डाको १९(१) नं. ले २१ वर्ष पुगेको श्रीमती सावित्री डंगोलको अंश भागमा पर्ने ४ खण्डको १ खण्ड चन्द्रमान डंगोलले आफूखुस गरि बिक्री गर्न पाउने नदेखिने ।

लिखत हुँदाको अवस्थामा २१ वर्ष उमेर नपुगेका वादीहरू रोहित डंगोल र सुजाताको हकमा मुलुकी ऐन, अंशबन्डाको १९(१) ले २१ वर्ष उमेर नपुगेको छोरा र अविवाहित छोरीको मन्जुरी लिनुपर्ने देखिँदैन । जहाँसम्म निजहरूको तर्फबाट उपस्थित कानून व्यवसायीले उक्त लिखत घर व्यवहार चलाउन होइन चन्द्रमान डंगोलले रविता सुवालसँग विवाह गर्ने

सुरक्षणबापत दिएको हुँदा यस्तो अवस्थामा १ वर्षको उमेरको अर्थ लाग्दैन फिराद दाबी गर्नु भएकामा सोतर्फ विचार गर्दा लिखतमा घर खर्च गर्न भन्ने व्यहोरा उल्लेख भएको र मिसिल अध्ययन गर्दा चन्द्रमान डंगोलको दुवै मृगौलाले काम नगरि उपचार गर्न ऋण लिएको भन्ने उल्लेख भएकाले घर व्यवहार चलाउन होइन भन्न सकिने अवस्था देखिएन। त्यसैले यी पुनरावेदकहरू २१ वर्ष पुगेको नदेखिँदा निजहरूको मन्जुरी लिई रहनु पर्ने अंशबन्डाको १९(१) नं. ले नदेखिँदा निजहरूको अंश भागमा पर्ने लिखतलाई जालसाजी घोषित गरि लिखत बदर गर्नुपर्ने अवस्था नदेखिने।

लिखत गर्दा २१ वर्ष उमेर पुगेको श्रीमती सावित्री डंगोलको मन्जुरी लिएको नदेखिँदा र प्रतिवादी चन्द्रमान डंगोलको २१ वर्ष उमेर पुगेको श्रीमती छ भन्ने जान्दाजान्दै प्रतिवादीहरूले निजको हक मेट्ने उद्देश्यले निजको मन्जुरी नलिई राजीनामाको लिखत गरि घरजग्गा लिनु दिनु गरेको देखिँदा त्यस्तो लिखत जालसाज भइ प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने नै देखिँदा विवादको कि.नं. ३९६ को क्षे.फ. ०-४-०-० जग्गामा बनेको घर जग्गामा नाबालक वादीहरू रोहित डंगोल र सुजता डंगोलको वादी दाबी पुग्न नसक्ने र प्रतिवादी चन्द्रमान डंगोलको श्रीमती सावित्री डंगोलको हकमा ४ भागको १ भाग लिखतमा जालसाजी भएको ठहराई प्रतिवादीहरूलाई उक्त जालसाजी ठहरेको मूल्य अनुसार जरिवाना गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।३।१० को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।२।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७०-CI-०६९२, दर्तफारी, *हिरादेवी डङ्गोल महर्जन वि. रविता सुवाल महर्जन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७१-WO-०८२०, उत्प्रेषण/परमादेश, *प्रतिभाकुमारी सिंह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदिकालाई २०७१।८।२९ को निर्णयबाट सरूवा गरेकामा त्यसको ४ महिना जति पछि प्रस्तुत रिट निवेदन २०७२।१।३ मा परेको पाइन्छ। सरूवाजस्तो तत्काल कार्यान्वयन गर्नुपर्ने कुरामा ४ महिनासम्म जिल्ला स्वास्थ्य कार्यालयले रमाना नदिएकोलाई जवाफदेहीपूर्ण व्यवहार मान्न मिल्दैन। आइन्दा समयमा आफ्नो दायित्व पूरा गर्नु भनि जिल्ला स्वास्थ्य कार्यालय, महोत्तरीलगायत सबै जिल्ला स्वास्थ्य कार्यालयलाई जानकारी दिनु भनि यस अदालतका मुद्दा महाशाखाको प्रमुखलाई निर्देशन गरिदिने।

सरूवा भएको मितिले ४ महिनाको विलम्बलाई सामान्य विलम्ब मान्न सकिँदैन। रिट निवेदन विलम्बग्रस्त देखिने।

निवेदिकाले उल्लेख गरेबमोजिम प्रस्तुत सरूवालाई अनधिकार भन्न मिल्दैन। कर्मचारी प्रशासनको तल्लो तह माथिल्लो तहको नियन्त्रणमा रहन्छ। यसमा तल्लो तह जिल्ला स्वास्थ्य कार्यालय माथिल्लो तह क्षेत्रीय स्वास्थ्य निर्देशनालयअन्तर्गत रहने तह हो। तल्लो तहले पाएको अधिकारको राम्रो प्रयोग भयो भएनलगायतको कामकुराको अनुगमन गरि तल्लो तहको कमी कमजोरी सुधार्ने दायित्व माथिल्लो तहमा रहेको हुन्छ। त्यसो नगर्दा सुशासन र कानूनको शासन बहाल हुन सक्दैन। यो माथिल्लो तहको जिम्मेवारीभित्र पर्ने कुरा हो। अतः जिल्ला स्वास्थ्य कार्यालयको मातहतका कर्मचारीलाई सरूवा

गर्ने अधिकार माथिल्लो तहले प्रयोग गर्न पाउँदैन भनि हठात् भन्न मिल्दैन । सरूवाको विवाद मुद्दा मामिलाको फैसलाको विषय नभएको र यसको प्रकृति पनि अस्थायी भएकाले यसमा मुद्दाको फैसला सरहको अधिकारक्षेत्रको परिकल्पना गर्न मिल्दैन र सो गर्नु उचित पनि हुँदैन । यस्तो कुराको समाधान अदालतको फैसलाबाट हुनु सामाजिक न्याय, सुशासन, जवाफदेहिता, कानूनको शासनको प्रवर्द्धन आदि हिसाबबाट उपयुक्त नहुने ।

रिट निवेदिकाले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) अनुसार न्यूनतम सरूवाको सेवा अवधि २ वर्ष व्यतीत नहुँदै क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट भएको सरूवा मिलेको छैन भनि लिनु भएको निवेदन जिकिरका सम्बन्धमा हेर्दा सो दफा २१(३) मा *"कर्मचारीलाई अति दुर्गम क्षेत्रमा कम्तीमा एक वर्ष वा दुर्गम क्षेत्रमा कम्तीमा दुई वर्ष पूरा नभइ सामान्यतया सरूवा गरिने छैन"* भन्ने व्यवस्था रहेको पाइन्छ । यी रिट निवेदिकालाई निज कार्यरत रहेको जिल्लाबाट अर्को जिल्ला वा एउटा क्षेत्रबाट अर्को क्षेत्रमा सरूवा गरिएको अवस्था नभइ जिल्लाभित्रैको एक उपस्वास्थ्य चौकीबाट सोही जिल्लाको अर्को उपस्वास्थ्य चौकीमा सरूवा गरिएबाट उक्त दफा २१(३) को त्रुटि भएको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

जहाँसम्म निवेदिकाको शारीरिक र मानसिक तनाव, रोग र परिवारको जिम्मेवारी तथा सरूवा भएको ठाउँको विकटता आदि कारणबाट प्रस्तुत सरूवा बदर हुनुपर्ने हो कि भन्नलाई यी कुराहरूको आधारमा सरूवा बदर गर्ने स्पष्ट कानूनी व्यवस्था देखिँदैन । अस्वस्थ कर्मचारी सेवामा काम गर्नका लागि सदा सर्वदा उपयुक्त हुँदैनन् । निवेदिकाको यो तर्क निजको लागि प्रत्युत्पादक हुने देखिन्छ । कुनै ठाउँमा असुविधा भएकै कारणले त्यहाँका जनताले राष्ट्रसेवक कर्मचारीको सेवाबाट वञ्चित हुनु न्यायोचित हुँदैन । सोही जिल्लाभित्र जम्मा ७ माइलको फरकको सरूवाबाट निवेदिकालाई अन्याय परेको भन्दा अन्यायको परिभाषा धेरै विस्तृत हुन पुग्ने ।

संविधानले रिट उपचारको व्यवस्था गरेको भएपनि यो उपचार समन्यायको उपचार हो । यसमा अदालतको विवेकलाई प्रशस्त ठाउँ रहन्छ । निवेदिकाको सेवा यथावत् छ । तलब सुविधामा कुनै कटौती छैन । कामको अवधि बढेको छैन । ७ माइल टाढा उही जिल्लाभित्र सरूवा भएको छ । निवेदिका सधैँ अपायक ठाउँमा सरूवा भएकी अवस्था पनि छैन । निवेदिका भेदभावको शिकार हुनु भएकी छैन । सरूवाबाट केही असुविधा भए होला तर हक हनन् भएको छैन । असुविधाको कारणले सरूवा बदर नहुने ।

रिटको विशेषता भनेको यो सामान्य कानूनी त्रुटिमा जारी हुँदैन । यस्तो त्रुटिलाई harmless or small or negligible error भनिन्छ । रिट आदेश जारी गर्दा ससाना कानूनी त्रुटिभन्दा पनि अन्यायको गम्भीरताको विचार गर्नुपर्ने हुन्छ । प्रस्तुत सरूवा विरूद्ध अन्तरिम आदेश जारी नभएको, सरूवा भएको पनि ७ महिना व्यतीत भैसकेको, सरूवाको प्रकृति अस्थायी भएको समेतको समग्र परिस्थितिको मूल्याङ्कनबाट विवादित सरूवाबाट निवेदिकालाई अन्याय परेको भन्न नमिल्ने हुँदा माथि उल्लिखित कारणहरूले गर्दा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल असार १३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CR-०३८०, कर्तव्य ज्यान, *पुसे भन्ने पुष्प भुजेल वि. नेपाल सरकार*

फौजदारी न्याय प्रणाली (Criminal Justice System) को मूल मर्म भनेको नै अपराधलाई निरूत्साहित गरि आपराधिक घटनाहरू कम गर्ने र

कानूनको उल्लङ्घन गर्ने व्यक्तिलाई सजाय गर्नु हो। यो हुन सकेन भने समाजमा अराजकताको स्थिति पैदा भइ अन्तत्वगत्वा कानूनी शासनको नै उपहास हुने।

अपराध घट्दाको अवस्था, परिस्थिति र परिबन्द जे जस्तो भए तापनि पुनरावेदक प्रतिवादीले आफ्नै भाइको हत्या गरेको कुरा स्वयम् प्रतिवादीले नै स्वीकार गरेको देखिन्छ र उक्त कार्यलाई प्रचलित कानूनले निषेध गरि सजायसमेतको व्यवस्था गरेको अवस्थामा प्रस्तुत मुद्दाका प्रतिवादीलाई कानूनबमोजिमको सजाय हुनु अनिवार्य नै हुने।

एकातर्फ मृतकको बाँच्न पाउने अधिकार (Right to life) जस्तो नैसर्गिक मानव अधिकारलाई कुण्ठित हुने गरि हत्या गरेको अवस्था र अर्कोतर्फ घटनाको तथ्य र वास्तविकतालाई उजागर गरि न्याय सम्पादनमा सहयोग गरेकै आधार र कारणबाट सजायबाट छुट पाउने भन्ने कुरा प्रचलित कानूनमा रहे भएको देखिन नआएको अवस्थामा कसुरबाट निसृत फौजदारी दायित्वबाटै उन्मुक्ति (Immunity) पाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा पुनरावेदक प्रतिवादी पुसे भन्ने पुष्प भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहरि ऐ. को अ.बं. १८८ नं. बमोजिम ४ वर्षको कैद सजाय हुने गरि व्यक्त सुरू सुनसरी जिल्ला अदालतको राय सहितको फैसलालाई केही उल्टी गरि पुनरावेदक प्रतिवादी पुसे भन्ने पुष्प भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. कसुरमा सोही नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।१२।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल जेठ २० गते रोज ४ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०११८, कर्तव्य ज्यान, *झविन्द्रप्रसाद खनाल वि. नेपाल सरकार*

सरकारी सेवा (नेपाली सेनाका जवान) मा रहेका पुनरावेदकले बिदा स्वीकृत गराएर चार दिनको लागि आउट गएको भनि बिदा स्वीकृत गराएको प्रमाण पनि पेस गर्न सकेका छैनन्। प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम सजायबाट रिहाइ पाउने कुराको जिकिर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निज प्रतिवादीउपर नै हुने कानूनी व्यवस्था रहेको छ। यस प्रकारको कानूनी व्यवस्थाबाट अन्यत्रस्थानमा भएकाले सजाय नहोस् भनि पुनरावेदक प्रतिवादीले लिएको Alibi को जिकिर प्रमाणित गराउने भार निज पुनरावेदक प्रतिवादीमाथि नै हुन्छ। वारदात मिति २०६६।८।१।८ मा भएको छ। वारदात स्थलबाट पुनरावेदकको श्रीमती तुल्सा खत्रीले लगाउने गरेको चुरा, पुनरावेदक प्रतिवादीको चप्पल, घडी तथा खुकुरीको दापसमेत बरामद भएको छ। बरामद भएका घडी, खुकुरीको दाप र चप्पलसमेत पुनरावेदन प्रतिवादीबाट सनाखत भएको मिसिलबाट देखिन्छ। वारदात स्थलबाट पुनरावेदकले लगाउने गरेको घडी, चप्पल तथा खुकुरीको दाप समेत बरामद हुनुबाट वारदातसँग यी पुनरावेदक प्रतिवादीको प्रत्यक्ष सम्बन्ध रहेको तथ्य स्थापित हुन आउँछ। उल्लिखित सबै वस्तुगत प्रमाण र अवस्थाबाट वारदातस्थलमा नभएको भन्ने प्रतिवादी र निजका साक्षीसमेतको बकपत्र पुष्टि हुन नसकेकाले पुनरावेदकको Alibi को जिकिर र निजका साक्षीबाट भएको बकपत्रलाई प्रमाणमा ग्रहण गर्न नसकिने।

प्रतिवादी झविन्द्रप्रसाद खनालले मृतक टोपेन्द्र वलीलाई धारिलो हतियार खुकुरी प्रहार गरि

कर्तव्यबाट मृतकको मृत्यु भएको देखिँदा प्रतिवादी झविन्द्रप्रसाद खनाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू सुर्खेत जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

आफ्नै श्रीमती मृतकसँग यौन सम्पर्क गर्न लागेको देखेपछि पुनरावेदक आवेशमा आई साथमा रहेको खुकुरी प्रहार गरेको देखिन्छ । मृतकलाई पुनरावेदकले मार्नु पर्नाको कारण नै सामाजिक लोक लज्जा र सोचबाट बच्न अर्कासँग यौन सम्भोगमा रहेकी श्रीमतीलाई आफ्नै घर ल्याउन र निजसँगको दामपत्य जीवन व्यतीत गर्न हुनसक्ने कठिनाइसमेत प्रति ग्लानि र आवेश दुवैको समिश्रणबाट घटना घटाई मृतकलाई मारेको देखिँदा पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गर्दा चर्को पर्न देखिन आयो । यसर्थ पुनरावेदक झविन्द्रप्रसाद खनाललाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० (दश) गर्न उचित देखिइ व्यक्त गरेको सुरू तथा पुनरावेदन अदालत, सुर्खेतको राय मनासिब हुने देखिई पुनरावेदक प्रतिवादीलाई १० (दश) वर्ष कैद र निजको सम्पत्ति सर्वस्व नहुने।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०८९७, निषेधाज्ञा, *राजु काफ्ले वि. अजयबहादुर शाह*

प्रस्तुत मुद्दामा पुनरावेदकले आफ्नो निवेदनमा जोरजबरजस्तीका साथ प्रहरीमा लगि रू. ४५,००,०००।– को कागज गराएको भनि उल्लेख गरेको पाइन्छ। लिखित जवाफमा रू. ४५,००,०००।- को कागजको कुरा नभइ रू.१५,००,०००।- को कागजको तथ्य देखिन्छ । निवेदक र विपक्षी अजयबहादुर शाहबिच रू. १५,००,०००।- को लेनदेनको विषयमा कागज भइसकेको अवस्थामा यो कागजको औचित्यमा निषेधाज्ञाको क्षेत्रबाट बोल्न मिल्ने स्थिति नरहने।

देशमा अमनचयन कायम राख्न पर्ने कर्तव्य बहन गर्ने महानगरिय प्रहरी परिसरका अधिकारीहरूबाट यस्तो संवेदनशील विषयमा आफूले नगरेको नभएको भन्दाभन्दै पनि त्यहाँबाट लेनदेनको विषयमा जबरजस्ती धरपकड हुनेजस्ता कार्यहरू हुन्छ भनि सहजरूपमा अनुमान गर्न सकिएन । तसर्थ, पुनरावेदकको पुनरावेदन जिकिरबमोजिम पुनरावेदकलाई प्रत्यर्थी महानगरिय प्रहरी परिसरले पक्राउ गरि जोरजबरजस्ती गरि कागज गराउन सक्ने आशङ्काको स्थिति रहेको देखिन आएन । मुद्दाका पक्षहरूका बिचमा भएको भनिएको लेनदेन विषयमा प्रस्तुत निषेधाज्ञाको निवेदनबाट सबुद प्रमाण बुझि इन्साफ दिन नमिल्ने हुँदा पुनरावेदन अदालतबाट भएको आदेश अन्यथा देखिन आएन। यसर्थ प्रत्यर्थी झिकाउने आदेश गरिपाउँ भन्ने पुनरावेदकतर्फका कानूनी व्यवसायीको बहससँग सहमत हुन नसकिने हुँदा विपक्षीहरूबाट निवेदकलाई पक्राउ गर्ने, जबरजस्ती कागज गराउने आशङ्का नदेखिएको अवस्थामा मागबमोजिम निषेधाज्ञाको आदेश जारी नगरि निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।३० को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WH-०००३, बन्दीप्रत्यक्षीकरण, *दीपक मल्ल, लालबहादुर वि.क., देवीप्रसाद ढकाल, कर्णबहादुर थापा, बलबहादुर सुनार तथा महेन्द्रकुमार मल्ल ठकुरी भन्नेसमेत एउटै व्यक्ति बलबहादुर वि.क. वि. कारागार कार्यालय, जगन्नाथदेवल, त्रिपुरेश्वर, काठमाडौंसमेत*

मुलुकी ऐन, दण्ड सजायको १० र ४१ नं. अनुसार निवेदक प्रतिवादीलाई सजाय भएका सबै मुद्दा पेटबोलीमा खुलाई एउटै कैदीपूर्जी विपक्षी जिल्ला अदालतबाट नदिई एउटै व्यक्तिका हकमा फरकफरक जिल्ला अदालतबाट पृथकपृथक गरि कैदी पूर्जी जारी गरेको अवस्था छ । यसरी दुईवटा कैदी पूर्जी प्रदान गरेको कारण निवेदक कारागार ऐन, २०१९ को दफा २४(६) कानूनबमोजिमको सुविधा उपभोग गर्नबाट बञ्चित रहेको स्थिति देखिन आउँछ । फैसला कार्यान्वयन गर्ने अभिभारा र कर्तव्य भएका जिल्ला अदालतको आपसी समन्वयको अभाव र एउटै व्यक्तिका हकमा फरकफरक अदालतबाट दुईवटा कैदी पुर्जी जारी हुँदैमा त्यसको दायित्व वरण गरि कानूनले निर्धारण गरेको बीस वर्षभन्दा बढी कैदमा राख्न न्यायको रोहमा उपयुक्त देखिन आउँदैन। कानूनको शासनमा जस्तोसुकै अपराधीलाई पनि कानूनबमोजिम नै सजाय गर्ने र कानूनबमोजिम नै भएको कैद दण्ड जरिवाना असुल गर्नु पर्दछ । धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेकोभन्दा बढी अवधि कैदमा रहने अवस्था सिर्जना हुनु गैरकानूनी हुन जाने।

कर्तव्य ज्यान मुद्दामा भएको सर्वश्वसहित जन्मकैदको सजाय भुक्तान गरेपछि एकै व्यक्तिलाई एकभन्दा धेरै मुद्दाहरूमा भएको कैद सजायको लगत कारागार ऐन, २०१९ को दफा २४(६) र कर्तव्य ज्यान मुद्दामा सर्वश्व भएपछि एकभन्दा धेरै मुद्दाहरूमा भएको जरिवानाको सजाय मुलुकी ऐन, दण्ड सजायको १० नं. बमोजिम स्वतः कट्टा हुने हुँदा स्याङ्जा जिल्ला अदालतको पछिल्लो कैदी पूर्जीअनुरूप मिति २०७२।४।१० देखिको निवेदकको थुना गैरकानूनी रहेको देखिने।

निवेदकलाई कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैद भएको विषयमा विवाद नभएको, सर्वस्व भएपछि जरिवानास्वरूप थप कैदमा बस्न नपर्ने मुलुकी ऐन, दण्ड सजायको १० नं. को कानूनी व्यवस्था भएको स्थितिमा कर्तव्य ज्यान मुद्दामा फरार रहेको अवधिमा निवेदकले विभिन्न चोरी डाँका अपराध गरे पनि निवेदक प्रतिवादी भएको पछिल्लो ज्यान मार्ने उद्योग र रहजनी चोरी मुद्दामा कास्की जिल्ला अदालतको मिति २०५४।२।१६ को फैसला र कैदी पूर्जी एवम् स्याङ्जा जिल्ला अदालतको कैदी पूर्जीसमेत अनुसार मिति २०५२।४।१० देखि हालसम्म निरन्तर रूपमा कैद थुनामा बसी २० वर्षभन्दा बढी अवधि कैदमा बसेको र मिति २०७२।४।१० देखिको निवेदकको कैद गैरकानूनी रहेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक १२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WH-००२२, बन्दीप्रत्यक्षीकरण, *दिलबहादुर श्रेष्ठको हकमा झलककुमारी श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, धादिङसमेत*

विदेशी विनिमय अपचलन मुद्दामा भएको म्याद तामेली र फैसलालाई गैरकानूनी भनि निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेको कानूनअनुरूप छ छैन भन्ने सम्बन्धमा हेर्दा निवेदक प्रतिवादी विदेशी विनिमय अपचलन मुद्दाको

अनुसन्धान एवम् कारवाहीका क्रममा फरार रहेको देखिन्छ । निवेदकले विदेशी विनिमयको कारोबार गर्न आफ्नो नाउँमा फर्म खोलेको तथ्यलाई अन्यथा भन्न सकेको पाइँदैन । आफ्नो नाउँमा फर्म खोलेका निवेदकले फर्ममा उल्लेख भए अनुसारको सर्तको पालना गरि कार्य गर्ने कर्तव्य पनि निजमा रहन्छ । तर निवेदकले फर्मको उद्देश्यअनुसार काम कारवाही नगरेको कारण नै निजमाथि अभियोग लाग्न गएको हो । फर्मको उद्देश्य र सर्तअनुसार काम नगरेमा आफूमाथि जहिले पनि कानूनी कारवाही हुनसक्छ भनि अनुमान गरि निवेदक सचेत रहन सकेको निजको व्यवहारले देखाउन सकेको पाइँदैन । निवेदकका हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन पर्नुभन्दा अगाडि अदालतबाट अन्तिम भएको फैसलाअनुरूप जरिवाना असुलीका लागि पक्राउ भै थुनामा परेपछि मिति २०७२।१।८ मा बेरीतको तामेली म्याद र सोका आधारमा भएको फैसला तथा कैदी पूर्जीसमेत बदर गरिपाउँ भनि यिनै विपक्षीहरूलाई विपक्षी बनाई पुनरावेदन अदालत, पाटनमा ०७१-WO-०८७४ को उत्प्रेषणसमेतको आदेश हुन माग गरि प्रतिवादी दिलबहादुर श्रेष्ठ स्वयम्ले निवेदन दर्ता गरेको प्रमाणमा आएको मिसिलबाट देखिन आउँछ । उक्त निवेदन खारेज हुने ठहरि पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।४।२७ मा आदेश भएको देखिन्छ । उक्त आदेशमा चित्त नबुझे कानूनबमोजिम यस अदालतमा पुनरावेदन गर्न पाउने निजको कानूनी अधिकार हो । परन्तु निवेदक प्रतिवादीले पुनरावेदन अदालतको सो आदेश नमिलेको आधार र कारणसहित उल्टी गरिपाउँ भनि आफ्नो कानूनी अधिकारको उपयोग गरि यस अदालतमा पुनरावेदन नगरि चित्त बुझाइ बसेको देखिन्छ । पुनरावेदन अदालतबाट विदेशी विनिमय मुद्दामा तामेल भएको म्याद र फैसलासमेत कानूनबमोजिमको ठहरि अन्तिम आदेश भइरहेको अवस्थामा सोही विषयलाई लिएर निवेदनको स्वरूप परिवर्तन गरि प्रतिवादी निवेदकका हकमा पत्नी झलककुमारी श्रेष्ठले प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरेको पाइयो । एउटै विषयमा पहिले प्रतिवादी स्वयम्ले पुनरावेदन अदालतमा निवेदन गरि अदालतबाट भएको आदेश अन्तिम भइरहेको अवस्थामा पुनः त्यही कुरालाई छुट्टै बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदक यस अदालतमा प्रवेश गरेको देखिन्छ । यसरी एउटै विषयका बारेमा सक्षम अधिकारप्राप्त अदालतबाट निर्णय भइ निर्णय अन्तिम भएको अवस्थामा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट विदेशी विनिमय अपचलन मुद्दामा भएको तामेली म्याद तथा फैसलासमेत बदर गरि गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ८ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WH-००३६, बन्दीप्रत्यक्षीकरण, *रविन गौतमको हकमा रामजी गौतम वि. कारागार कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत*

अ.बं. ९४, ९९ र ११० को कानूनी व्यवस्थालाई एक अर्कामा सामञ्जस्य हुने तबरबाट विचार गर्दा वारेन्ट जारी हुने मुद्दामा वारेन्ट जारी गर्नुपर्ने हुन्छ । वारेन्ट जारी हुँदा यदि अड्डामा हाजिर नभएको अभियुक्तको हकमा वारेन्ट जारी भएको ६ महिनासम्ममा पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखत कारवाही गर्ने गरि मुद्दा मुलतबीमा राखी अंश रोक्का गर्नुपर्ने हुन्छ । त्यसरी अंश रोक्का भएको दुई वर्ष पुगेपछि मुद्दा खडा गरि बुझेसम्मका प्रमाणबाट ठहरेबमोजिम फैसला गर्नुपर्ने हुन्छ । उपर्युक्तानुसारको कार्यविधिगत प्रक्रियाको अवलम्बन भयो वा भएन भनि विचार गर्नुपर्ने देखिन

आउने ।

अदालतले मुद्दा फैसला गर्दा कानूनले तोकेको निश्चित कार्यविधि र प्रक्रियाको अक्षरशः पालना गर्नु पर्दछ। कानूनले तोकेको निश्चित कार्यविधि र प्रक्रियाको अवलम्बन नगरि भएको फैसला कार्यविधिगत त्रुटि भएको मान्नु पर्दछ । निवेदक प्रतिवादी भएको जबरजस्ती करणी मुद्दामा मुलुकी ऐन, अ.बं.१९० नं. अनुरूप प्रतिवादीको अंश रोक्का गर्ने र मुद्दा मुलतबीमा राख्ने कार्य नै नभइ प्रतिवादीलाई जबरजस्ती करणी मुद्दामा कसुरदार ठहर गरेको काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला, सो फैसलाका आधारमा रहेको कैदको लगत तथा कैदी पूर्जीसमेत कायम रहन सक्ने नदेखिने हुँदा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६८।३।१४ मा भएको फैसलामा कार्यविधिगत त्रुटि रहेको देखिँदा उक्त फैसला, सो फैसलाका आधारमा रहेको कैदको लगत र कैदी पूर्जीसमेत कायम रहन सक्ने अवस्था नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब प्रतिवादी रविन गौतमलाई अदालतमा उपस्थित गराई बयानसमेतका बाँकी कार्यहरू पूरा गरि कानूनबमोजिम ठहर इन्साफ वा जो चाहिने आदेश गर्नु भनि विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम्।

**इजलास नं. ५**

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७०-CR-००३२, ०६९-CR-०९२७, कर्तव्य ज्यान, *झिनुक भन्ने शेष प्रकाश बरई वि. नेपाल सरकार, नेपाल सरकार वि. रमेश बरईसमेत*

जाहेरवालाले माछाको विषयमा बाटोमा हिँडेका झिनकु भन्ने शेषप्रकाश वरईसँग निहुँ खोजेको भन्ने देखिँदा वारदात घटाउनमा यी प्रतिवादी मतसल्लाहमा पसेको भन्ने पनि देखिन आएन । जाहेरवाला पक्ष र प्रतिवादी शेषप्रकाश वरईबिच अघिल्लो दिन भएको माछाको विषयमा पुन: झगडा भएको थाहा पाएपछि वारदातस्थलमा वारदात घटेपछि पुगेको भन्ने आधारमा मात्र कुनै सजाय गर्न मिल्ने देखिन आएन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुरमा प्रतिवादीहरूको संलग्नता रहेको भनि दाबी प्रमाणित गर्ने भार वादी पक्षको हुनेमा सोबमोजिम प्रमाणित गर्न नसकेको, यी प्रतिवादीहरूले मृतकको शरीरमा हात हालेको पनि नदेखिएको, वारदात घटेपछि मात्र वारदातस्थलमा पुगेको भन्ने देखिँदा वारदातको समयमा मौजुद रहेकोसमेत देखिन नआएकाले निज प्रतिवादीहरू रमेश बरई, अवधेशकुमार बरईलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्न नमिल्ने।

अन्य प्रतिवादी छेदीप्रसाद बरई, नेपाल बरई भन्ने सर्जुप्रसाद बरईले अदालतमा बयान गर्दा आफूहरू घटनास्थलमा नगएको भनि इन्कारी बयान गरेको देखियो । यी प्रतिवादीहरूले के कस्तो कार्य गरेको हुन् जाहेरवालासमेतका मौकामा कागज गर्ने व्यक्तिहरूले यो यस कसुरजन्य कार्य गरेको भनि प्रतिव्यक्तिले गरेको कसुर स्पष्टताका साथ खुलाउन सकेका छैनन् । मृतकको शरीरमा पटकपटक चोट प्रहार भएको भन्ने नै नदेखिएको र आफूले लाठीले प्रहार गर्दा मृतकको मृत्यु भएको हो भनि प्रतिवादी शेषप्रकाश वरईले मौकामा कसुर स्वीकार गरेको अन्य प्रमाणबाट पुष्टिसमेत भएको देखिएकामा यी प्रतिवादी छेदीप्रसाद बरई, नेपाल बरई भन्ने सर्जुप्रसाद बरईको कसुरमा संलग्नता देखिने निजहरूको विरूद्धको कुनै वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले गुजार्न सकेको अवस्था पनि देखिँदैन । जाहेरीमा नामसम्म उल्लेख भएको कारण ज्यान जस्तो गम्भीर अपराधमा कसुरदार ठहर्‍याउन नमिल्ने हुँदा सुरू तथा पुनरावेदन

अदालतले निजहरूलाई अभियोग दाबीबाट सफाइ दिएको फैसला मिलेकै देखिने।

अघिल्लो दिन माछा चोरी गरेको तथा जाल फालिदिएको विषयलाई लिएर पुनः भोलिपल्ट जाहेरवाला तथा मृतकले नै विवादको उठान गरेको र यी प्रतिवादी झिनकु भन्ने शेष प्रकाश बरईलाई हानि हात भाँचिदिएको अवस्था देखिएकाले यी प्रतिवादी रिस आवेगमा आउनु स्वाभाविक देखिन्छ अर्थात् रिस आवेशमा आउनुको कारण हेर्दा Justifiable Sense of Reason मान्न सकिने।

माछा चोरी गरेको विषयलाई लिएर अघिल्लो दिन भएको विवादलाई मृतक पक्षले नै पुनः भोलिपल्ट उठान गरेको कारण विवाद भएको भन्ने देखिएको, यी प्रतिवादीले पनि मृतकलाई पूर्वयोजनासहित लुकिछिपी हानेको नदेखिएको र मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. मा ज्यान मार्ने मनसाय वा ज्यानै लिनेसम्मको रिसइबी नभएको, लुकी चोरीकन जोखमी हतियारले हानेको अवस्था नभइ साधारण लाठा, ढुङ्गाजस्ता साधारण हतियारले हान्दा सोही चोट पिरले ज्यान मरेको अवस्थामा १० वर्ष कैद गर्नुपर्ने कानूनी व्यवस्थासमेतको माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी मध्येका झिनकु भन्ने शेष प्रकाश बरईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू रमेश बरई, अवधेशकुमार बरई, छेदी बरई र नेपाल बरई भन्ने सर्जुप्रसाद बरईले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६९-CR-०८२३, कर्तव्य ज्यान, *धावा टासी बुढा भन्ने धावा बुढा वि. नेपाल सरकार*

वस्तुतः मृतकलाई चक्कु प्रहार गरेकामा प्रतिवादी धावा बुढा मौका तथा अदालतको बयानमा समेत साबित रहेको सो साबितीलाई प्रत्यक्षदर्शी कुन्जान बुढासमेतको मौकाको कागज तथा अदालतको बकपत्रसमेतबाट पुष्टि भएको, पुनरावेदक प्रतिवादीको जिकिरबमोजिम मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको ७ नं. को देहाय १ नं. बमोजिमको अवस्था प्रस्तुत मुद्दामा नदेखिएको, प्रहार धेरै पटक भएको कुरा मृतकको शरीरमा भएको लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदन (Autopsy Report) समेतमा उल्लिखित घाउ चोटबाट देखिएको र मृतकको घाँटीजस्तो संवेदनशील अङ्गमा चक्कु प्रहार भएबाट समेत मार्ने मनसाय रहेको पुष्टि भएकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं.ले परिभाषित अवस्थाको विधमानता प्रस्तुत मुद्दामा देखिन आएको छ। तसर्थ डोल्पा जिल्ला अदालतले प्रतिवादी धावा बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरि गरेको फैसलालाई पुनरावेदन अदालत, जुम्लाले सदर गरेको मनासिब नै देखिने।

घटनामा मार्नै पर्नेसम्मको पूर्व रिसइबी मनसाय नदेखिएको, मृतक र प्रतिवादी झगडा गरेकामा कुन्जान बुढासमेतले छुट्टाएकामा मृतकले नै पटकपटक निहुँ खोजी प्रतिवादीउपर हात हाली कुटपिट हातपात गरेको अवस्थासमेतलाई विचार गर्दा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकाले अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी धावा बुढालाई १२ (बाह्र) वर्ष कैद सजाय गर्दा पनि कानूनको मक्सद पूरा हुने देखिँदा प्रतिवादी धावा टसी भन्ने धावा बुढालाई डोल्पा जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय ठहर गरि कैदको हकमा अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद गर्ने गरेको मिति २०६८।८।२७ को

रायसहितको फैसला सदर गरेको पुनरावेदन अदालत, जुम्लाको मिति २०६९।२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CI-०६०१, ट्रायल चेकबाट बढी कायम भएको जग्गा कि.का. गरि दर्ता गरिपाउँसमेत, *राममोहनलाल सोनार वि. बिशेसरप्रसाद बरै*

प्रत्यर्थी प्रतिवादीले मोही हकबापत मोहीबापत ससिम प्राप्त गरेको जग्गा बढी भयो भनि घटीबढीमा निर्णय गरि कित्ताकाट गरि पुन: साबिक जग्गाधनीलाई फिर्ता दिलाउने निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई कुनै कानूनले प्रदान नगरेको अवस्थामा यस अदालतबाट प्रतिपादित नजिरको गलत प्रयोग गरि गरेको भूमिसुधार कार्यालयको निर्णयलाई कानूसङ्गत मान्न मिलेन । तसर्थ क्षेत्राधिकार त्रुटिको आधारमा वादी दाबी नै खारेज गर्ने गरि भएको पुनरावेदन अदालत, हैटौडाको निर्णयलाई बेमनासिब भन्न मिलेन । तसर्थ भूमिसुधार कार्यालयको मिति २०६६।१२।१ को फैसलामा बदर गरि निवेदन दाबी खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-WO-१०७१, उत्प्रेषण, *अधिवक्ता बौद्धकृष्ण भगत वि. मालपोत कार्यालय, राजविराज सप्तरीसमेत*

न्याय सम्पादनमा फैसला कार्यान्वयनको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको छ । न्याय गरेर मात्र हुँदैन न्याय गरेको देखिनु पनि पर्दछ । अन्याय परेको कारण न्याय प्राप्तिको लागि न्यायिक निकायसमक्ष आउने व्यक्तिले फैसलाको प्रभावकारीरूपमा कार्यान्वयन भएपछि मात्र न्याय पाएको अनुभूति गर्दछ । फैसलाको प्रभावकारी कार्यान्वयन हुन नसक्ने हो भने न्यायिक निकायबाट प्रदान गरिने उपचार केवल औपचारिकता मात्र हुने हुन्छ । फैसला कार्यान्वयनमा अनावश्यक रूपमा बाधा व्यवधान सिर्जना गरिएमा यस्तो बाधा व्यवधान न्यायिक मूल्य र मान्यताविपरीत हुन जाने।

फैसला कार्यान्वयनको क्रममा आफूलाई चित्त नबुझेको विषयमा कानूनद्वारा व्यवस्था गरिएको सबै उपचारको मार्ग अवलम्बन गर्नुको साथै विभिन्न चरणमा न्यायिक परीक्षण भएको अवस्था देखिन्छ । निवेदनमा उल्लिखित मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।५।५ मा भएको आदेशबमोजिमतर्फ छुट्याई दा.खा. पूर्जी दिई फैसला कार्यान्वयन गर्नुपर्ने स्थिति मात्र बाँकी रहेको परिप्रेक्ष्यमा उक्त आदेश कार्यान्वयनस्वरूप सप्तरी जिल्ला अदालतबाट यी निवेदक समेतका नाउँमा म्याद जारी भै वादी प्रतिवादीबाट अ.बं. १३३ नं. बमोजिम कागजसमेत गराई र कागज गर्न नसकेमा अड्डैको तर्फबाट समेततर्फ यकिन गरि दा.खा. पुर्जी जारी गर्ने गरि मिति २०६८।१२।६ मा आदेश भएको देखिन्छ । उक्त आदेशलाई कुनै पक्षले चित्त नबुझाई बदर गराउन सकेको अवस्थासमेत देखिँदैन । यही आदेशबमोजिम वादी प्रतिवादीको तर्फ कायमसम्बन्धी कागज गराइएको र दुवै पक्षले अड्डामा कागज गर्दा तर्फमा सहमत भएका कित्ता नम्बरहरूको सम्बन्धमा सोहीबमोजिम तथा सहमति कायम नभएका कित्ता नम्बरहरूको सम्बन्धमा गोला लगाई तथा गोला टिप्न

इन्कार भएको हकमा अड्डैको तर्फबाट गोला लगाई वादीको तर्फ कायम गरि तर्फ यकिन मुचुल्का खडा गरिएको र सोहीअनुरूप जग्गा दा.खा. पुर्जीसमेत पठाइएको देखिन्छ । साथै मिति २०६८।१२।१७ को गोला सहमति मुचुल्कामा वादी तथा प्रतिवादी दुवैतर्फबाट मन्जुर भै हस्ताक्षरसमेत भएको भन्ने मिसिलबाट देखिन्छ । प्रस्तुत निवेदनमा उल्लिखित मुद्दामा भएको फैसला कार्यान्वयनको निवेदन हदम्यादभित्रको देखिनुको साथै फैसला कार्यान्वयनको क्रममा भएका काम कारवाहीहरू कानूनसम्मतरूपमा सम्पादन भएको पाइन्छ । फैसला भइ अन्तिम भइरहेको फैसला कार्यान्वयनको क्रममा गरिएका काम कारवाहीमा दूषितता नदेखिँदासम्म असाधारण अधिकारक्षेत्रबाट फैसला कार्यान्वयनको कार्यलाई बदर गर्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-WO-०७९३, उत्प्रेषण/प्रतिषेध, *प्रा.डा. सङ्गीता भण्डारी वि. सम्मानित प्रधानमन्त्रीज्यू तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति डा. बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

पदअनुरूप आचरण नगरेको भन्ने कुरा अमूर्त हुन सक्दैन । पदअनुरूप आचरण नगरेको भन्ने कुरा वस्तुगत आधारबाट प्रमाणित भएको देखिनु पर्दछ । तर निवेदकउपरको आरोपहरूलाई पुष्टि गर्ने आधार प्रमाणहरू के थिए, कसरी ती आरोपहरू पुष्टि हुन सके भन्ने कुरा पदबाट हटाइएको जानकारी गराइएको भन्ने उक्त पत्रमा उल्लेख भएको देखिँदैन भने र विपक्षीहरूको लिखित जवाफबाट पनि सो कुरा पुष्टि हुन नआउने ।

कुनै पनि संस्थाको उद्देश्य वा लक्ष्य एक्लो व्यक्तिको सक्रियताबाट मात्र सम्भव छैन संस्थाको सबै अवयवहरूको सहयोग, समन्वय र सामुहिक प्रयासबाट मात्र संस्थाले आफ्नो लक्ष्य साध्य गर्नसक्छ । उपकुलपति विपक्षी प्रतिष्ठानको प्रमुख पदाधिकारी हो तापनि निजको एक्लो प्रयासबाट मात्र प्रतिष्ठानले लक्ष्य प्राप्त गर्नसक्ने भन्ने मान्न नसकिने ।

निवेदिकाले आफू उपकुलपतिमा नियुक्त भएपछि उत्पन्न अवरोध अन्त्य गर्न निजले प्रयास गरेको कुरा मिति २०६९।८।७ मा लेखिएको पत्र, ०६९।८।७ को विज्ञप्ति, ०६९।७।१९ को अपिलसमेतका मिसिल संलग्न कागजातबाट देखिन्छ तर आन्दोलन रोकी प्रतिष्ठानको कार्य सुचारू गर्न प्रतिष्ठानको सभा, कर्मचारी, शिक्षकलगायत सम्बद्ध पक्ष सबैले के कस्तो सहयोग पुर्‍याउँदा पनि निवेदक उपकुलपतिले काम गर्न नसकेको, कार्यक्षमताको अभाव देखिएको हो भन्ने कुरा विपक्षीहरूले स्पष्ट गर्न सकेको नदेखिने ।

प्रतिष्ठानलाई सुचारू राख्ने प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकित्सक एवम् प्रतिष्ठानको सर्वोच्च निकाय मानिएको सभाको कर्तव्य जिम्मेवारीलाई अनदेखा गरि प्रतिष्ठानको सम्पूर्ण जिम्मेवारी उपकुलपतिको मात्र हो भन्ने अर्थ गरि प्रतिष्ठानका कर्मचारी, शिक्षक तथा चिकत्सक र विद्यार्थीहरूले स्वयम् उपकुलपतिको राजीनामा माग गरि वार्ता इन्कार गरि चलाएको अन्दोलनलाई समाधान गर्न नसकेको भन्ने फितलो आधारमा निवेदिका उपकुलपतिको कार्य क्षमताको अभाव वा उपकुलपतिले संस्थाप्रति नकारात्मक भूमिका निभाएको भन्ने विपक्षीहरूको भनाइसित सहमत हुन सकिने आधार नदेखिने ।

कुनै प्रस्ताव पारित हुनु र नहुनुले पदीय आचरणको मापन हुन सक्दैन । यी निवेदिकाले प्रस्ताव राखेकामा कार्यकारी परिषद्बाट ति प्रस्ताव पारित नभएको भन्ने आधारमा निजको पद अनुरुपको

आचरण नभएको भनि देखाउन खोज्नुले निजउपर छानबिन समितिको माग राखी कुलपतिसमक्ष निवेदन दिने प्रतिष्ठान सभाका सदस्यहरूमा निवेदक उपकुलपतिप्रतिको पूर्वाग्रह र प्रवृत्त भावना देखिन आउने।

कानूनले तोकेको कुनै कार्य निवेदिकाबाट हुन नसकेको हो र कानूनविपरीतको कुन कार्य गरेको हो भन्ने पनि स्पष्ट देखिनु पर्छ। उपकुलपति जस्तो व्यक्ति नियुक्त हुँदाका अवस्थामा योग्य हुने र नियुक्त भएको केही दिनमा नै अयोग्य भएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुन सक्नुपर्ने।

कुनै पनि संस्थामा कुनै पदाधिकारी पदमा बहाल हुनासाथ उसको कार्य प्रगति एकाएक देखिने हैन। त्यसको लागि कर्मचारीलगायत संस्थामा आबद्ध सबैको सहयोग, अनुकूल वातावरण र पर्याप्त कार्य समयको आवश्यक हुने।

निवेदक उपकुलपतिको पदमा बहाल भै काम गर्ने पर्याप्त समय नपाउँदै र निजले गरेको कार्य प्रगति देखिन नपाउँदै कर्तव्य पालन नगरेको, पदअनुकूलको आचरण नगरेको साथै इमान्दारीपूर्वक कर्तव्यपालन नगरेको भनि आरोप लगाई छानबिन समितिसमेत गठन गर्न माग गर्ने सभाका सदस्यको कार्य नै शङ्कास्पद र नियोजित देखिने ।

सभाका सदस्यले छानबिन समितिको माग गरि निवेदन दिएमा कुलपतिले छानबिन समिति गठन गर्नुपर्ने बाध्यात्मक व्यवस्था प्रतिष्ठान ऐनको दफा २६(१) को हो तथापि त्यस्तो समिति गठन गर्नुपर्ने कारण र औचित्यको विचार नै नगरि समिति गठन गर्न कुलपति बाध्य छ भनि अर्थ गरि कानूनको कठोर व्याख्या गर्न मिल्दैन। कुनै पनि कार्य गर्न अख्तियारी राख्ने पदीय जिम्मेवारी पाएको व्यक्तिले त्यसको औचित्य र आवश्यकताको विश्लेषण र मूल्याङ्कन गर्ने अन्तरनिहित अधिकार अख्तियारवालामा रहन्छ। साथै कुलपतिबाट त्यस्तो कार्य कुन कानूनको प्रतिकूल हो भन्ने पनि हेरिएको देखिनु पर्छ। कसैउपर अभियोग लगाउन त्यसलाई पुष्टि गर्ने कार्य पनि कानूनसम्मत नै हुनुपर्छ। तसर्थ यी निवेदकलाई पदबाट हटाउनको लागि छानबिन समिति गठन गर्नुपूर्व पर्याप्त आधार र कारण खोली छानबिन समितिको गठन गर्नुपर्नेमा सो नगरि त्यस्तो समिति गठन गर्ने प्रतिष्ठानका कुलपतिको कार्यलाई कानूनसङ्गत मान्न नमिल्ने।

निवेदिकालाई पदबाट मुक्त गर्नुपर्नेसम्मको कस्तो कारण परि निजउपर छानबिन समिति गठन गरि छानबिन गर्नु परेको हो ? स्पष्ट नभएको र उपकुलपतिले आर्थिक तथा प्रशासनिक विषयमा परिषद्समक्ष राखेको प्रस्ताव पारित हुन नसकेको तथा प्रतिष्ठानमा कार्यरत कर्मचारीले आफ्नो पदीय कर्तव्यलाई बिर्सिइ उपकुलपतिको राजीनामाको माग गरि आन्दोलनमा उत्रेको अवस्थामा त्यस्ता शिक्षक तथा कर्मचारीले काम नगरि अस्पतालको सेवा अवरूद्ध भएको अवस्थालाई पदअनुकुलको आचरण नभएको, कर्मचारीलाई काममा लगाउन नसकि कार्यक्षमताको अभाव भएको भनि देखाइएको आधार र कारण पर्याप्त र तर्कपूर्ण भएको मान्न नमिल्ने।

यी निवेदिकाले समिति समक्ष उपस्थित भै दिएको अभिव्यक्तिले प्रतिष्ठानमा यी निवेदिकालाई काम गर्न कसरी अवरोध सिर्जना गरिएको रहेछ भन्ने देखिन्छ नकि निजको कार्य असक्षमताको स्वीकारोक्ति । यी निवेदिकाले आफूले कार्य गर्न नसक्नुको कारण देखाउनुलाई निजको असक्षमता हो भन्ने पर्याप्त आधार मान्न नसकिने।

निवेदकलाई लगाइएको आरोप यी यी हुन् भनि स्पष्ट उल्लेख गरि स्पष्टीकरण माग गरिएको भन्ने देखिँदैन। खालि तपाइँले पद अनुरूपको आचरण र व्यवहार नगर्नु भएकाले आफूलाई लागेको आरोपको लिखितरूपमा सफाइ पेस गर्नु भनि पत्रमा उल्लेख गर्दैमा आरोपको सफाइ दिने मौका प्रदान गरिएको भन्न नमिल्ने।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनको दफा २६ को व्यवस्था नै प्रतिष्ठानको पदाधिकारीलाई सेवाबाट हटाउने सम्बन्धमा गरिएको व्यवस्था भएको र यस दफा अनुसार गठन गरिएको समिति नै कुनै पदाधिकारीलाई सेवाबाट हटाउन वा नहटाउने सम्बन्धमा छानबिन गर्ने समिति भएकाले छानबिनको आधारमा कुनै पदाधिकारीलाई सेवाबाट हटाउन सिफारिस गर्नुअघि त्यस्तो पदाधिकारीसित उसलाई लागेको आरोपको सम्बन्धमा सफाइ पेस गर्न पर्याप्त समयसहितको मौका प्रदान गर्नुपर्ने ऐनको दफा २६(१) मा प्रतिष्ठानको पदाधिकारीलाई पदबाट हटाउने सिफारिस गर्नुअघि छानबिन समितिले निजउपर लागेको आरोपका सफाइ पेस गर्ने मौका दिनुपर्नेछ" भन्ने उल्लेख भएकाले छानबिनको क्रममा सोधिएको स्पष्टीकरण नै निवेदकलाई सफाइ पेस गर्न दिइएको पर्याप्त मौका हो भनि अर्थ गर्न नमिल्ने ।

निवेदक विरूद्ध दिएको उजुरी निवेदनमा रजिष्ट्रार डा. कृष्ण भण्डारीको छाप दस्तखत भएको र निजले सभाको सदस्यको हैसियतले २०६९।१०।११ को सभाको निर्णयमा समेत सही गरि निजबाटै यी निवेदिकालाई पदबाट हटाएको जानकारीसमेत दिएको अवस्था देखिँदा उजुर गर्ने र निर्णय गर्ने व्यक्तिसमेत एकै व्यक्ति भएकोसमेत देखिएकाले विपक्षीहरूको काम कारवाही पूर्वाग्रहित भएको प्रष्ट हुन आएको हुँदा यी निवेदिकालाई छानबिन गर्न गठित छानबिन समितिले पदबाट हटाउन गरेको सिफारिस पारित गर्ने प्रतिष्ठानको सभाको मिति २०६९।१०।११ को निर्णय र सभाबाट पारित भएअनुसार भनि यी निवेदिकालाई पदबाट हटाउने गरि कुलपतिबाट भएको मिति २०६९।१०/२९ निर्णय र सो निर्णयको प्रतिष्ठानका रजिस्ट्रारबाट गराइएको जानकारीसमेतका सम्पूर्ण काम कारवाहीमा प्रतिष्ठान ऐन, २०६४ को दफा २० (३) तथा दफा २६ (५) को प्रत्यक्ष कानूनको त्रुटि र प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको देखिएकाले उक्त त्रुटिपूर्ण कारवाहीबाट रिक्त भएको पदमा विपक्षी प्रा.डा. जय नारायण साहलाई नियुक्ति गर्न मिति २०६९।१०।२९ मा कुलपतिबाट भएको निर्णय र नियुक्तिसमेत त्रुटिपूर्ण भै उत्प्रेषणको आदेशले बदर हुने र उपकुलपतिको पदमा यी निवेदिकालाई २०६९।५।७ मा दिएको नियुक्ति कायम भै निजलाई कानूनबमोजिम प्रदान गरिएको पारिश्रमिक र सुविधा प्रदान गरि निजलाई पूर्ववत् उपकुलपतिको पदमा काम गर्न दिनु भनि विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WO-०५८५, उत्प्रेषण/प्रतिषेध, *प्रा.डा. सङ्गीता भण्डारी वि. सम्मानित प्रधानमन्त्रीज्यू तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति डा. बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६९-WO-०८३७, उत्प्रेषण/परमादेश, *प्रा.डा. सङ्गीता भण्डारी वि. सम्मानित प्रधानमन्त्रीज्यू तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति डा. बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दरकुमार उपाध्याय**, ०७०-WO-०५५९, उत्प्रेषण/परमादेश, *सरस्वती क्षेत्री रञ्जित वि. कारागार*

*कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

निवेदिकाले आफ्नो माइतीघर का.जि. का.म.न.पा.-३३ मैतीदेवी रहेको र २०३९ सालमा का.जि.का.म.न.पा.-२१ निवासी निरन्जनकुमार रंजितसँग विवाह भएको भनि रिट निवेदनमा उल्लेख गरेकी छन् । साथै आफू र श्रीमान्‌समेतको परिवार मिति २०४५।८।१५ देखि मानो छुट्टिई ऐ. वडा नं. ३३ मैतीदेवीमा बस्दै आएकामा मिति २०५२।७।२४ मा अंश छोडपत्रको कागज गरेको भनि रिट निवेदनमा उल्लेख गरे पनि सोको प्रमाण पेस गर्न सकेको देखिँदैन । साथै निजले निवेदनसाथ पेस गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट समेत निजको श्रीमान् निरन्जनकुमार रञ्जित उल्लेख भएको देखिन्छ । यस्तो अवस्थामा का.जि.का.म.न.पा.-२१ उल्लेख गरि निजको नाममा जारी भएको म्याद सम्बन्धित वडाको सूचना पाटीमा टाँस हुनुको साथै गोरखापत्रमा सूचना प्रकाशित गरि तामेल भएको देखिन्छ । यस्तो अवस्थामा उक्त म्याद मुलुकी ऐन, अ.बं. ११० नं.को प्रक्रिया पूरा गरि रितपूर्वक तामेल भै सोही तामेलीको आधारमा विशेष अदालत, काठमाडौंबाट मिति २०६४।३।१२ मा प्रतिवादी यी रिट निवेदिकाउपर रू. १२,०३,९८७।– जरिवाना हुने गरि फैसला भै सोही फैसला कार्यान्वयनको क्रममा मिति २०७०।५।२८ मा निवेदिकालाई पक्राउ गरि काठमाडौं जिल्ला अदालत तहसिल शाखासमक्ष पेस गर्दा तत्काल जरिवाना तिर्न सक्दिन भनि कागज गरेबाट फैसला कार्यान्वयनको क्रममा अदालतबाट भएको फैसलाले लागेको जरिवानाबापत थुनामा राख्न पठाएको कार्यसमेत कानूनसम्मत नै देखिन आयो । यसबाट रिट निवेदको मागबमोजिम रिट जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल माघ ८ गते रोज ६ शुभम् ।

**२**

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दरकुमार उपाध्याय**, ०६९-WO-०९२९, उत्प्रेषण, *सिकिन्द्रप्रसाद यादव वि. जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्ज*

निवेदकको घर दैलोमा म्याद टाँस भै तामेल भएको देखिन्छ । निवेदकले आफू विरूद्ध रित नपुर्‍याई म्याद तामेली भयो भनि रिट निवेदनमा चुनौती दिनुभएको देखिँदैन । निजको नाममा तामेल भएको म्याद रितपूर्वक तामेल नभएको भनि कतै उजुर गरेको कुराको जिकिर लिएको पनि रिट निवेदनमा देखिँदैन । यसरी निजको नामको म्याद रितपूर्वक तामेल भएको पुष्टि भै रहेको अवस्थामा मैले सुनुवाइको मौका प्राप्त गरिन भन्ने निवेदकको भनाई युक्तिसङत देखिँदैन । तसर्थ सुनुवाइको मौका प्रदान नगरि गरिएको हातहतियार खरखजाना मुद्दामा जिल्ला प्रशासन कार्यालय, पर्साबाट मिति २०६८।१२।९ मा भएको फैसला बदर गरि पुनः सुनुवाइको मौका प्रदान गर्न उत्प्रेषणसमेतको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर पुग्न नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल माघ ८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६८-WO-०९३०, उत्प्रेषण, *धर्मदेव महतो वि. जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्ज*

निवेदक लागु औषध (अफिम) मुद्दामा मिति २०६६।७।२३ मा थुनामा बस्नुभन्दा अगावै मिति २०६६।३।२१ मा यी निवेदकको घर दैलोमा म्याद टाँस भै रितपूर्वक तामेल भएको देखिन्छ । निवेदकले आफू विरूद्ध रित नपुर्‍याई म्याद तामेली भयो भनि रिट

निवेदनमा चुनौती दिनुभएको भन्ने देखिँदैन । निजको नाममा तामेल भएको म्याद रितपूर्वक तामेल नभएको भनि कतै उजुर गरेको कुराको जिकिर निजले लिएको पनि रिट निवेदनमा देखिँदैन । यसरी निजको नामको म्याद रितपूर्वक तामेल भएको पुष्टि भै रहेको अवस्थामा मैले सुनुवाइको मौका प्राप्त गरिन भन्ने निवेदकको भनाई युक्तिसङ्गत देखिँदैन । तसर्थ सुनुवाइको मौका प्रदान नगरि गरिएको हातहतियार खरखजाना मुद्दामा जिल्ला प्रशासन कार्यालय, पर्साबाट मिति २०६८।१२।९ मा भएको फैसला बदर गरि पुनः सुनुवाइको मौका प्रदान गर्न उत्प्रेषणसमेतको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल माघ ८ गते रोज ६ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०३८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हेमकुमारी सापकोटासमेत*

प्रतिवादीहरूमध्ये रामकृष्ण अधिकारी, रोशन लामा र नागे भन्ने नागेश्वर साह तेलीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । प्रतिवादी हेमकुमारी सापकोटाले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रभंश राय यादवले अन्य प्रतिवादीहरू रामकृष्ण, नागेश्वर र कैलाशसमेतको सल्लाह र सहयोगमा मृतकलाई कर्तव्य गरि हत्या गरेको भनि खुलाएको भए पनि जाहेरवालीले अदालतसमक्ष गरेको बकपत्रमा यी प्रतिवादी हेमकुमारी वारदातको समयमा जाहेरवालीसँगै रहेको र वारदातमा निजको कुनै संलग्नता थिएन भनि लेखाएबाट जाहेरवालीको जाहेरी र प्रतिवादी हेमकुमारीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान आफैँमा खण्डित भइरहेको पाइने।

प्रभंश राय यादवको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयानलाई पुष्टि गर्ने कुनै वस्तुनिष्ठ प्रमाण पेस हुन नसकेको अवस्थामा सो बयानलाई आधार मानी निजलाई कसुरदार ठहर गर्न नमिल्ने।

रोशन लामाले मृतकसँग पैसा माग गर्दा नदिएको, प्रतिवादी प्रभंश राय यादवले जाहेरवालीसँग विवाह गर्न नपाएको र प्रतिवादी हेमकुमारी सापकोटाको मृतकसँग बारम्बार झगडा हुने गरेको कारण रिसइबी रहेकाले यिनै प्रतिवादीहरूको सल्लाहअनुसार अन्य प्रतिवादीहरू रामकृष्ण अधिकारी र नागे भन्ने नागेश्वर साहसमेतको सहयोगमा मृतकलाई मारेको हुनुपर्छ भनि शङ्का र अनुमानको भरमा परेको जाहेरी दरखास्त र सोही आधारमा अभियोग दाबी लिएको देखिन्छ । "अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन् । फौजदारी कसुरअन्तर्गत अभियोग दाबी लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुने। अनुमान तथा अड्कलका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गै समग्र न्याय प्रणालीप्रति नै वितृष्णा हुने" *(ने.का.प.* २०७० अङ्क १२ नि.नं.९०९२) भनि यस अदालतबाट सिद्धान्त प्रतिपादित भएको देखिँदा वस्तुनिष्ठ र ठोस प्रमाणको अभावमा कसुरदार ठहऱ्याउन मिल्ने नदेखिने हुँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरि भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।११।२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस १ गते रोज ४ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-RB-००५५, कराबमोजिम गरिपाउँ, *भेषबहादुर खड्का वि. स्थानीय विकास मन्त्रालयसमेत*

प्रस्तुत मुद्दामा यी पुनरावेदक वादीले करारबमोजिमको कार्य सम्पन्न गरिसकेपछि विपक्षीहरूले करारबमोजिम अन्तिम बिल भुक्तानी गर्न नमानेको वा नगरेको भन्ने देखिएन। पुनरावेदक वादीले सम्झौता अनुसारको काम सम्पन्न गरि विपक्षीबाट अन्तिम बिलसमेत भुक्तानी लिइसकेको देखिँदा पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा करार सम्झौताबमोजिमको कार्य सम्पन्न भइ अन्तिम बिल नै वादीले भुक्तानी लिइसकेपछि अब करारबमोजिमको कुनै कार्य हुन बाँकी रहेको अवस्थाको विद्यमानता नै समाप्त भइसकेपछि करारमा नै उल्लेख नभएको कुरामा जुन नर्म्स प्रयोग गरिने भनि करारसमेत भएको हो सो नर्म्स बाहेकको अन्य तरिकाले वादीको मागदाबीअनुसार भुक्तानी गर्नुपर्ने अवस्था नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहर गरि भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस २३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०९६९, लुटपिट, *किसमतीयादेवी यादव वि.जयसवाल राय यादवसमेत*

विवादित जग्गाको फिल्डबुक नक्कल एवम् मिति २०४९।९।२६ को बन्डा मुचुल्कासमेतबाट सो जग्गामा यी पुनरावेदक वादीका पतिको हकभोग रहेको भन्ने देखिन नआएको अवस्थामा सो जग्गामा हकभोग नै कायम नरहेका व्यक्तिसँग खरिद गरि लिएको र हकभोग नै नभएका व्यक्तिहरूबिच चलेको लुटपिट मुद्दामा भएको मिलापत्रबाट हक कायम हुनसक्छ भन्न मिल्ने हुँदैन। यी पुनरावेदक वादी र प्रतिवादी सुकदेव रायबिच एक आपसमा वादी प्रतिवादी भइ चलेको लुटपिट मुद्दा एकातर्फ हक कायम मुद्दा नभइ लुटपिट मुद्दा भएको र अर्कोतर्फ सो जग्गा जसको हकभोगमा रहेको छ, ती व्यक्तिहरूलाई विपक्षी नै नबनाइएको हुँदा बेहकका व्यक्तिसित भएको मिलापत्रबाट हक कायम हुन्छ भन्नु न्याय तथा कानूनका मान्य सिद्धान्त र अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल हुन जाने हुँदा कि.नं. ७०७ को जग्गा र सोमा बनेको घरसमेतमा यी पुनरावेदक वादीको निर्विवादरूपमा हकभोग स्थापित भएको नदेखिँदा लुटपिट गरेको ठहर्‍याएको रौतहट जिल्ला अदालतको फैसला नमिलेकाले उल्टी भइ वादी दाबी पुग्न नसक्ने ठहर गरि भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१०।१४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस २३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-०४८३, छुट दर्ता नामसारी, *विकास श्रेष्ठ वि. मिश्री खत्रीसमेत*

मिति २०६७।११।१० मा भएको निर्णयको जानकारी पाएको मिति नक्कल सारेको मितिबाट कायम हुनु पर्नेमा निर्णय भएको मितिमा तारेखपर्चामा सहीछाप गरेकाले सोही मितिमा निर्णयको थाहा पाएको भन्ने अर्थ गरि पुनरावेदन अदालत, पाटनबाट भएको फैसला गौरीशङ्कर कलवार विरूद्ध पुनरावेदन अदालत, बुटवल भएको मुद्दामा प्रतिपादित सिद्धान्तविपरीत रहेको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा उल्लिखित फैसलामा "मालपोत कार्यालय, नवलपरासीबाट मिति

२०५३।८।२६ मा निवेदकको नाममा पठाएको म्याद रितपूर्वक तामेल भएको हो होइन भन्नेतर्फ विचार गर्दा सो कार्यालयको उक्त मिति २०५३।८।२६ को पत्रबाट निवेदकलाई निर्णयको जानकारीसम्म गराएको देखिन्छ भन्ने बेहोरा उल्लेख गर्दै मुलुकी ऐन, अ.बं. १९३ ले मुद्दाको फैसला हुँदा हाजिर नरहेको झगडियाका नाममा पुनरावेदन लाग्ने मुद्दा भए पुनरावेदन लाग्ने अड्डाको नामसमेत खुलाई म्याद जारी गर्नु भन्ने कार्यविधि निर्धारण गरेकामा कानूनबमोजिमको म्याद निवेदकलाई पठाएको नदेखिएको" भन्ने आधारमा पुनरावेदन अदालतको आदेश उत्प्रेषणको आदेशले बदर गरि परमादेशसमेत जारी भएको देखिन्छ । तर प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी निर्णय सुनाउँदाका दिन मालपोत कार्यालय, कलङ्कीमा स्वयम् उपस्थित भइ निर्णय सुनी पाएँ भनि सही गरेको देखिँदा प्रस्तुत मुद्दाको विषयसित उल्लिखित नजिर सान्दर्भिक देखिन नआउने ।

मालपोत कार्यालय, कलङ्कीबाट मिति २०६७।१०।२० मा निर्णय सुनाउने तारेख तोक्ने आदेश भएबमोजिम मिति २०६७।११।१० को निर्णय सुनाउने पेसी तारेख तोकी सो मिति २०६७।११।१० मा मालपोत कार्यालयबाट निर्णय भइ सोही मितिमा यी पुनरावेदक प्रतिवादीले कार्यालयबाट भएको निर्णय सुनी पाएँ भनि तारेख पर्चामा सही गरेको देखिँदा मिति २०६७।१२।९ मा नक्कल लिई थाहा पाएको हुँदा सोही मितिबाट पुनरावेदनको म्याद सुरू हुने भन्ने पुनरावेदन जिकिर र यस अदालतबाट मिति २०७०।५।२० मा भएको निस्सा दिने आदेशको आधारसित सहमत हुन सकिएन । तसर्थ हदम्यादको आधारमा पुनरावेदनपत्र खारेज गर्ने गरि भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।१४ को फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७२ साल पुस २३ गते रोज ५ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WH-००२६, बन्दीप्रत्यक्षीकरण, *दीपक थापाको हकमा श्रीमती अम्बिका बस्नेतसमेत वि. महानगरीय प्रहरी परिसर, ललितपुरसमेत*

जाहेरी दरखास्त र मुद्दाको उठानलाई हेर्दा जग्गा जमिनको विवाद त्यसमा पनि देवानी दायित्वको स्वरूपसमेत देखिएको अवस्थामा थुनामा राखी अनुसन्धान गर्नुपर्नेसम्मको स्थिति देखिन आउँदैन । निवेदक बन्दी नेपाली नागरिक रहेको र बडादशैंको चाडपर्व आउन केही दिन मात्र बाँकी रहेकाले यस चाडको धार्मिक तथा साँस्कृतिक महत्त्वलाई समेत विचार गर्दा निवेदक बन्दीलाई निजका विरूद्धमा लागेको आरोप प्रमाणित भएमा हुनसक्ने सजायलाई समेत मध्यनजर राखि निवेदक बन्दीबाट नगद धरौट लिई बडादशैंको चाड समाप्त भएपछि पुनः हाजिर हुन आउने गरि थुनाबाट चाडपर्व मान्ने प्रयोजनार्थ छाडिदिन न्यायको रोहमा मनासिब देखिने ।

जाहेरवाला सावित्री चित्रकारले प्रतिवादी नारायण थिङ र दीपक थापासमेत उपर दायर गरेको ठगी मुद्दामा बन्दी निवेदकको बयान कार्य सम्पन्न भइनसकेको र निवेदकले नै विवादित जग्गाको बारेमा कारोबार गराएको हुँ भनि इजलाससमक्ष स्वीकारसमेत गरेको हुँदा हिन्दू मात्रको महान चाड दशैंसमेतलाई मध्यनजर गरि निवेदकसँग धन जमानतबापत रू. ५,५०,०००।– (पाँच लाख पचास हजार मात्र) नगद माग गरि दिन सके लिई दशैंको बिदापश्चात् निवेदक बन्दीसँग बयान गराउनेलगायतका अन्य प्रमाण बुझ्ने कार्य गर्नु र हाल बन्दीबाट हिरासत मुक्त गरिदिनु भनि विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७२ साल असोज २९ गते रोज ६ शुभम् ।